ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष २०, अङ्क ५, २०८५ असोज, पूर्णाङ्क २२५

श्री त्रिपुरासुन्दरी मन्दिर
सल्यान्कोट, धादिङ

शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व-२०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

आशामान संगत अध्यक्ष एवम्

काठमाडौं महानगरपालिका

वडा नं.- ८ परिवार

जयबागेश्वरी, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

विनोद कुमार राजभण्डारी वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका

वडा नं.- २४ परिवार

मखन, काठमाडौं

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क १, २०८१ पूर्णाङ्क २२१

असोज २०८१

मङ्गलबार	१	८	१५	२२	२९
बुधबार	२	९	१६	२३	३०
बिहीबार	३	१०	१७	२४	गौरी
शुक्रबार	४	११	१८	२५	गौरी
शनिबार	५	१२	१९	२६	गौरी
आइतवार	६	१३	२०	२७	गौरी
सोमबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ । कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः
९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छट पर्व– २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

दीपक रिमाल अध्यक्ष
एवम्
सत्सङ्ग परिवार
जावलाखेल, ललितपुर

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छट पर्व– २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

द्वारिकाप्रसाद पौडेल अध्यक्ष एवम्
वैदिक उद्वोधन संघ परिवार
चावहिल, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।



ज्यो. पं. नारायणप्रसाद तिमल्सिना
श्रीपशुपति ज्योतिष तथा वास्तु परामर्श केन्द्र
पशुपति, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा गौ भक्त दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

मठमन्दिर गाईबाच्छा बचाउ तथा समाज विकास अभियान
पनकाली, पशुपति, काठमाडौं

सम्पादकीय

गौरीका गौरवमय उन्नाईस वर्ष

वि.सं. २०६२ साल असोजबाट प्रकाशन प्रारम्भ गरिएको गौरी मासिक पत्रिका यही २०८१ साल असोज महिनाको प्रकाशनसंगै २० औं वर्षमा प्रवेश गरेको छ । धर्म, संस्कृति, संस्कार, परम्परा लगायतका धार्मिक आध्यात्मिक विषयवस्तु समेटेर प्रकाशन हुंदैआएको गौरीले आफ्नो गौरवमय उन्नाईस वसन्त पार गरेको छ । विषयवस्तु प्रकाशनका आधारमा नेपाली पत्रकारितामा गौरीले फरक धार समातेको छ र यही धारले नै गौरी विशेष पनि बन्न पुगेको छ ।

साहित्यका विविध विधामध्ये विद्वान्हरू 'आध्यात्मिक साहित्य'लाई नै उत्कृष्ट साहित्य मान्ने गर्नुहुन्छ । सर्वप्राचीन साहित्य ऋग्वेदलाई मानिन्छ भने अन्य वेद, पुराणहरूसमेत साहित्यकै रूपमा चिनिन्छन् । आधुनिक समयमा उत्कृष्ट साहित्य मानिने शाकुन्तल पनि पौराणिक एवम् धार्मिक विषयमा नै आधारित रहेको पाइन्छ । त्यसैले विविध धार्मिक एवम् सांस्कृतिक विषयवस्तुहरू समेटिएको गौरी मासिक एक विशुद्ध साहित्यिक पत्रिका हो ।

मानिसलाई धार्मिक विषयको ज्ञान दिलाएर अध्यात्मिक मार्गतर्फ अगाडि बढ्न प्रेरित गर्नु गौरी मासिकको मूल लक्ष्य हो । यस अर्थमा गौरी एक आध्यात्मिक साहित्य हो । आध्यात्मिक भन्नाले सांसारिक भौतिकताभन्दा पर रहेका सिद्धान्त र भावना जस्तो आत्मा, मन र अस्तित्वको खोजी भन्ने बुझिन्छ । जीवन के हो ? कहाँबाट आयो ? कहाँ जान्छ ? शरीर र आतमामा के फरक छ ? आदि विषयमा खोजी गर्नु गौरीको अन्तिम लक्ष्य हो ।

अन्तमा, यस गौरी मासिक पत्रिकालाई स्थापनाकालदेखि आजसम्म विभिन्न माध्यमबाट सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तक एवम् शुभेच्छुक आत्मीय जनहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौं । यहाँहरूको सद्भाव एवम् सहयोगले नै हाम्रो आजसम्मको यात्रा निर्वाध रूपमा अगाडि बढेको हो । साथै आगामी दिनहरूमा समेत यहाँहरूको साथ सहयोगको अपेक्षा गर्दछौं । अस्तु,

यसभित्र

सम्पादकीय ३
कविता
गौरी वन्दना — अनन्तकुमार बस्नेत ४
शुभकामना ५
विशेष
❖ गौरी नामाकरण... — प्रा. नवराज घिमिरे ९
❖ आध्यात्मिक .. — प्रा.डा. भूपहरि पौडेल १३
❖ शुभकामना.. — रामचन्द्र तिमल्सिना १६
❖ शिवको गौरी.. — सहप्रा. डा. विनुबाबा अर्याल १७
❖ गौरी .... — भट्ट सुकुमार 'पार्वती पुत्र १८
❖ सनातन शाक्तसुक्त... — डा. वी.पी. बडाल १९
❖ दशैं टीकाको साइत २४
❖ गौरी तिम्रो... — सुमित्रा चौलागाई २४
❖ गौरीः सनातन धर्मको.. — भागवतश्री न्यौपाने २५
❖ गौरीलाई आखा लगाउँदा — हिमालय गौतम २७
❖ श्रद्धा र ... — आचार्य ढुण्ढिराज न्यौपाने २९
फर्केर हेर्दा
गौरी वर्ष १९ मा प्रकाशित लेखरचना ३१
गतिविधि ३५

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व बडा दशैं- २०८१ को पावन अवसरमा समस्त दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

गौरी मासिक पत्रिका परिवार

गौरी बन्दना

–अनन्तकुमार बस्नेत

गौरी तिमी हौ हिमशैलपुत्री
आकाश पाताल तथा धरित्री
माहेश्वरी हे जननी भवानी
शक्तिस्वरूपा शिवकी परानी ॥

•••

साध्वी सती रौद्रमुखी अपर्णा
आद्या अनन्ता र अनेकवर्णा
दुर्गा जया सुन्दर देवमाता
गर्छन् सधैं पूजन यी विधाता ॥

•••

आर्या त्रिनेत्रा विमला कुमारी
आलोककी पुञ्ज उषा प्रभारी
अर्धाङ्गिनी हे शिवकी शिवानी
तिम्रो लिएँ नाम यहाँ नजानी ॥

•••

हे भद्रकाली अनि कालरात्रि
मेरा सबै फाल न दोष भित्री
यी आसुरी शुम्भनिशुम्भ मारी
बस्छ्यौ सधैं भूधर यो निहारी ॥

•••

तिम्रा शयौँ छन् जगमा सुनाम
छन् दिव्य हज्जार पवित्र धाम
गौरी तिमीमा छ प्रणाम धेरै
आराधना गर्न सकूँ सवेरै ॥

–सानोठिमी, भक्तपुर

१९ औं वर्ष पार गरी २० औ वर्ष प्रवेश गरेको अवसरमा

शुभकामना

जन्म जन्मान्तरको कर्म कुकर्मको राम्रो नराम्रो दुवै भोग भोग्न र जन्म जन्मान्तरकै स्वयं व्यक्तिको अन्तस्करणमा सन्निहित गुण, स्वभाव र आशक्ति अनुरूप राम्राले राम्रै कर्म, नराम्राले नराम्रै कर्म गर्न विवस छौं । राम्रा बिगारेर बिग्रदैनन्, नराम्रा सपारेर सप्रदैनन् । सबैको आफ्नो आफ्नो कर्म छ, यस मर्त्यमण्डलमा मानवहरूको । यसै क्रममा सत्कर्म रोजी विगत १९ वर्षदेखि आध्यात्मिक ज्ञान विज्ञानको संगालो घरघरमा छर्दैआएको गौरी मासिक (आध्यात्मिक पत्रिका)को निरन्तरता दीर्घकालसम्म चलिरहोस् भन्ने शुभकामना प्रकट गर्दछु । जय अघोर !



श्री अघोरी श्मशानेश्वर चण्डी
पग्लानन्द अघोरी आश्रम
देवघाटधाम, तनहुँ ।

H. Ganesh Bhatta

Chief Priest of Pashupati Temple

Kathmandu-8, Nepal

Ph.- 00977-1-4498137

Mob.- 00977-9841696336

श्री अर्जुन लामिछाने (सम्पादक÷प्रकाशन) गौरी मासिक,
श्री पशुपतिनाथ, काठमाडौं

महोदयः,

अध्यात्म ज्ञान विज्ञानबारे विभिन्न अध्येताहरुका विचार, सनातन धर्मशास्त्रमा आधारित विभिन्न विज्ञहरुका लेख रचना प्रकाशित गर्ने 'गौरी' मासिक पत्रिका प्रकाशन शुरु भएको २० औं वर्ष प्रवेश अवसरमा पत्रिकाको थप प्रगतिको निमित आशीर्वाद व्यक्त गर्दछु ।

सनातन धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता र ओमकार परिवार भित्रका सबैजनहरूका विचारहरू समावेश गर्ने 'गौरी' मासिक पत्रिकाको नियमित पाठक हुँ । पत्रिकामा विद्धानहरूले सनातनशास्त्र भित्रका ज्ञान विज्ञानका विषयलाई सरल भाषामा लेख्नुभएका लेख रचना पढने गरेको छु ।

यस पत्रिकाका सम्पादक तथा प्रकाशक अर्जुन लामिछानेलाई दुई दशकदेखि नैं पाशुपतक्षेत्रमा घुमफिर गरिरहेको देखेको छु । उहाँले पशुपति क्षेत्र भित्र भएका सवल र दुर्बल पक्षका बारेमा गौरी मार्फत र पछिल्लो समय सामाजिक सञ्जाल मार्फत पनि उहाँले जन-जनहरूलाई यस क्षेत्रका बारेमा जानकारी दिदै आउनुभएको छ ।

उहाँका बारेमा सुनेको छु, 'गौरी' मासिक पत्रिका र सम्पादक लामिछाने पशुपति क्षेत्रका जानकार विज्ञ नैं हुन । किनकी उहाँले दुई दशकदेखि गौरी मासिक पत्रिका र भौतिकहरुमा पशुपति क्षेत्रमा बसोबाँस गरी सेवा गर्दै आउनुभएको छ ।

'गौरी' मासिकलाई निरन्तर २० बर्षसम्म प्रकाशित गर्दै आउनु भनेको सेवा साधना नैं हो । श्री पशुपतिनाथको आशीर्वादले मात्र उहाँले यो काम गर्न सफल हुनुभएको भन्ने लाग्दछ । त्यसैले, उहाँको यो अटुट साधना, अध्यात्म सेवाको कार्यमा थप उत्साहका साथ प्रगति हुँदै जानेछ भन्ने आशा र विश्वास राख्दै आशीर्वाद व्यक्त गर्दछु ।

अन्तमा, पशुपति क्षेत्र भित्रका सनातनीय मूल्य मान्यता, मठ मन्दिरहरुको संरक्षण र देशभरका शिवालय, देवालय, र धार्मिक क्षेत्रहरुको बारेमा खोजमूलक सामग्री 'गौरी' मार्फत पढन पाइने छ । यहाँका चिन्तन कलमले सनातन धर्म संस्कृतिको संरक्षणमा अतुलनीय योगदान पुग्नेछ । श्री पशुपतिनाथले कल्याण गरून ।

जय श्री पशुपतिनाथ

रावल श्री गणेश भट्ट
प्रधान अर्चक,
श्री पशुपतिनाथ

रावल गणेश भट्ट
मूल भट्ट (प्रधान अर्चक)
पशुपति मन्दिर
काठमाडौं-८

शुभकामना

बि. स. २०६२ देखि निरन्तर आध्यात्मिक साहित्यको विधामा सक्रिय रही गौरी मासिक पत्रिकाले २० औ बर्षमा प्रवेश गर्न लागेकोमा पत्रिकाको उज्जल भविष्यको कामना गर्दै साहित्यिक यात्रामा तारा जस्तै चम्किरहोस शुभकामना ।

समाजलाई वैदिक ऊर्जाले सदाचार बनाउन सिकाउने र व्यक्तिलाई उच्च आचरणमा जीवन निर्वाह गर्न प्रेरित गर्ने आध्यात्मिक साहित्यको संगालो नेपालीको जनजनमा अझै फुल्ने र फक्रिने छ । मानव जीवनको अभिन्न अंग साहित्यको प्रभावबाट समाजमा रुपान्तरण गर्न गौरी मासिकले जागृति ल्याउने छ । चेतना र सृजनाको भावबाट साधकहरुको साधनाले मानव जीवन उन्नत बनाउन साहित्यिक मार्ग प्रशस्त गर्ने छ । विज्ञानको भावसित आध्यात्मिक चिन्तनलाई जोड्दा समाज अझ परिस्कृत र प्रभावकारी बनाउन साहित्य संयोजनले मार्गचित्र खडा भइ रोचकता बढ्ने छ । समाजको यथार्थतालाई कलात्मक तरिकाले पस्केर उत्साह र मनोरञ्जन प्रदान गर्न गौरी पत्रिका अग्रभागमा देखिने अपेक्षा रहेको छ । साहित्यमार्फत समाजमा चेतना फैलाउने साधनको रुपमा पत्रिकाले प्रशंशाको बढोत्तरी गर्दै जानेछ । विकृतिका फोहोरहरुको सफाइ गर्ने र समाज सुधारको अभियन्ताको रुपमा गौरी साहित्यिक पत्रिका उदाहरणीय भूमिकामा देखिने छ । विश्व जगत्मा नेपालको साहित्यको मार्गलाई देखाउने अस्त्रको रुपमा गौरी पत्रिका उभिनेछ ।

गौरी मासिक पत्रिकाको सम्पादन, प्रकाशन र व्यवस्थापनमा अहोरात्र लाग्नु हुने सम्पूर्ण साहित्यिक जनशक्तिको उच्च मूल्याकंन गर्दै आगामी दिनमा अझ कटीबद्ध हुने र साहित्यिक यात्रामा अग्रणी भइ नयाँ उत्साहका साथ साहित्यिक धरोहर खडा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने अपेक्षा सहित शुभकामना ! शुभकामना ।

भरत गौतम

निर्देशक

सूचना तथा प्रशारण विभाग

फोन नं.: ९८५१२३४१९९

वैदिक अनुसन्धान समितिद्वारा सञ्चालित

कौशिकी वैदिक गुरुकुल विद्यालय

KAUSHIKI BAIDIK GURUKUL SCHOOL

भुम्लु गाउँपालिका-६, आँपघाट, काभ्रे
स्था: २०७५

प. सं

च. नं.   मिति:...............................

शुभकामना

गौरी नाम नै प्रत्यक्ष शङ्करकी अर्धाङ्गिनीको द्योतक हो । जो विना शङ्करको अस्तित्वको कल्पना गर्न सकिंदैन । त्यस्तो नामलाई नै आफ्नो मूल परिचय बनाउँदै शुरू भएको गौरी मासिक पत्रिकाले आज बीसौं वर्ष मनाउँदै गर्दा साह्रै खुशी लागेको छ ।

पाशुपत क्षेत्रलाई मुख्य कार्यथलो बनाउँदै यहाँ आयोजना हुने कथा, प्रवचन, यज्ञादि साथै धार्मिक, सांस्कृतिक कृयाकलापहरूको समाचार सम्प्रेषण एवम् पशुपति क्षेत्रमा संरक्षित हुन नसकेका मठ मन्दिर ऐतिहासिक मूर्तिहरू लगायत पशुपति क्षेत्र विकास कोषका हरेक गतिविधिमा चासो राखेर पदाधिकारीहरूलाई सुसुचित गर्ने प्रयोजनका लागि विकाश कोषको छायाँ सरकार जस्तै बनेर अनवरत हरेक वाधा व्यवधानहरू भोल्दै लागिरहनुहुने गौरीका सम्पादक एवम् प्रकाशक सनातन धर्मका एक साधक अर्जुन लामिछाने ज्यूको प्रयास स्तुत्य रहेको छ ।

गौरीका माध्यमले देशका विभिन्न स्थानमा रहेका मठमन्दिरहरूको चिनारी, साधु-सन्तको परिचय, वेदान्त दर्शन, भक्ति दर्शन अन्तरगत श्री आचार्य खेमराज केशवशरणको धारावाहिक लेख, समाजमा प्रचलित विविध मतानुयायी विद्वान् विदुषीहरूका आलेखहरू, चाडपर्वानुसारका महत्त्वघाटित गराउने जानकारी मूलक सामग्रीहरूको सम्मिश्रण गौरी एक गागरमा सागर भनेझैं सनातनका धेरै पाटाहरूको सम्मिश्रण हो । आफ्नो ऊर्जाशील समय धार्मिक पत्रकारिताका माध्यमले अघि बढाउनु भएका आदरणीय व्यक्तित्व अर्जुन लामिछानज्यूको लेखनी अविराम बढिरहोस् । पशुपतिमा हुने हरेक गतिविधिमा यहाँको दृष्टि पुग्नलाई सदासर्वदा पशुपतिको कृपादृष्टि रहिरहोस् भन्दै गौरीको बीसौ वसन्तको सुअवसरमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामाना व्यक्त गर्दछु ।

रामचन्द्र तिमल्सिना
अध्यक्ष
श्री वैदिक अनुसन्धान समिति नेपाल
भुल्लु ६, आँपटार, काभ्रे ।

गौरी नामाकरणको रहस्य

– प्रा. नवराज घिमिरे

मन्दराचल पर्वतले मानवीय रूपमा अहर्निश कठोर तपगरी भगवान् आशुतोषको चरणस्पर्श प्राप्त होस् भनी वरदान मागे । हजारौं मुखले करोडौं वर्षमा पनि जसको सौन्दर्यको चर्चा गर्ने साहसगर्न सकिन्न, त्यस्ता पर्वतोत्तम मन्दराचलमा भोलेनाथको अत्यन्त रमणीय अन्तःपुर थियो । शिवकृपा पाएका मन्दराचल आफूलाई धन्य र गौरवान्वित सम्झन्थे ।

यस पर्वतको मेखला बनेको निर्मल ढुंगा तथा वृक्षहरूले युक्त भूमि शिवपार्वतीको नित्य सामीप्यले गर्दा सम्पूर्ण संसारलाई तिरस्कार गर्दथ्यो । मन्दरापर्वतको चुचुरा भन्दा माथि रहेका चन्द्रमाले गर्दा रात्रिमा यो पर्वत , पर्वतहरूको साम्राज्यको छाताले झै सुशोभित देखिन्थ्यो । आश्रमलाई स्निग्ध छाया प्रदान गर्ने वृक्षहरूले सूर्यको किरणलाई तिरस्कार गरे जस्तो देखिन्थ्यो । सबै कुराबाट श्रेष्ठ सम्झी पार्वतीनाथ सपत्नीक रैभ्याश्रमबाट अन्तर्धान भई त्यस पर्वतमा विराजित हुनुहुन्थ्यो ।

समय व्यतीत हुँदै गयो, प्रजाको वृद्धिका क्रममा शुम्भ निशुम्भ नाम गरेका दुई भाइ दैत्य उत्पन्न भए । उनीहरूले गरेको कठोर तपस्याबाट प्रभावित ब्रह्माले संसारका कुनै पनि पुरूषबाट मृत्यु नहुने र अयोनिजा अम्बिकांश नारीमा आशक्त भई युद्ध गरे मृत्य हुने अन्यथा अवध्य रहने वरदान प्रदान गर्नुभयो ।

ताभ्यां तपोबलादत्तं ब्रह्मणा परमेष्ठिना ।
अवध्यत्वं जगत्यस्मिन्पुरुषैरखिलैरपि ॥

–शि.पु.वा.पू.२४।२५

प्राप्त वरदानले गर्वित शुम्भ निशुम्भले इन्द्रादि देवतालाई युद्धमा पराजितगरी स्वर्गीय आनन्द भोग्न थाले । जगत्लाई स्वाध्याय, वषट्कार, पूजा अर्चना विहीन बनाएका दानवहरूको उद्दण्डता र अत्याचारले सीमा नाघ्यो । त्राहि-त्राहिको नारा लगाउँदै देवता ब्रह्माका शरणमा गए । आफ्नो वरदानले उन्मत्त दानवको यथार्थ बुझेका ब्रह्माले विष्णु सहित गुहार्दै देवतालाई शिव समीप लगे । छलफलको निचोडमा भगवती पार्वती बाहेक अरूबाट दानवहरूको नाश नहुने हुँदा शान्ति र क्षमाकी प्रतिमूर्ति पार्वतीलाई क्रोध जगाई दानवको अत्याचारबाट मुक्ति दिलाउन अनुरोध गर्ने सहमति पार्वतीको अनुपस्थितिमा भयो । जसरी भए पनि पार्वतीमा रिस भर्ने काम पति शिवले गर्नु पर्ने भयो ।

तयोर्वधाय देवेशं ब्रह्मभ्यर्थितवान्पुनः ।
विनिन्द्यापि रहस्यं वा क्रोधयित्वा यथा तथा ॥

सदा सर्वदा हँसीखुसी दाम्पत्य जीवनको आनन्दमा रहने शिवपार्वतीका बीच अचानक हँसी मजाकको क्रममा अकल्पनीय घटनाले विकराल रूप लियो । शिवले पार्वतीलाई होच्याउँदै कुन राम्री छ्यौ र कही नभएकी काली छ्यौ, के फूर्ति गरेकी ? भन्नुभयो ।

प्राणभन्दा प्याराका मुखबाट यस्तो कठोर वचन सुनेकी पार्वतीको रिसले आकाश छोयो । नारी स्वभाव पनि होला । उनले तत्काल प्रतिकार गरिन् । म मन परेकी थिइन भने किन अहिलेसम्म सँगै बसेको त ? प्रेम नै थिएन भने आजसम्म के नाटक गरेको त ? काली थिएँ भने किन विवाह गरेको त ? विश्व सुन्दरी भए पनि श्रीमानकी प्यारी हुन नसके त्यो नारीले बाँचको के सार ? यस्तै यस्तै अनगिन्ती प्रश्नहरूले शिवधाममा सन्नाटा छायो । ठूलो स्वर कहिल्यै नसुनेका शिवगण, शिवपरिवार आज के अनर्थ हुने भो भन्दै मुखामुख गर्न थाले । अब म बाँच्न चाहन्न ? किन बाँच्नु श्रीमान नै आफ्नो नभए पछि ? केही गरी राम्री हुन सके आउली, अन्यथा उतै प्राण त्याग गरौंली भन्दै पार्वती निस्कन थालिन् ।

इदृशे मम वर्णेऽस्मिन्नरतिर्भवतोऽस्ति चेत् ।
एतावन्तञ्चिरं कालं कथमेषा नियम्यते ॥
या च नाभिमता भर्तुरपि सर्वाङ्गसुन्दरी ।

सा वृथैव हि जायेत सर्वैरपि गुणान्तरैः ॥
तस्माद्वर्णमिमं त्यक्त्वा त्वयि रहसि निन्दितम् ।
वर्णान्तरं भजिष्ये वा न भजिष्यामि वा स्वयम् ॥

–शि.पु.वा.पू.२४।३३,३६,३८

यो ठट्टाले यसरी विकराल रूप लेला भन्ने शिवले कल्पना पनि गर्नु भएको थिएन । एउटी नारीलाई के के गर्दा, के के भन्दा फकाउन सकिन्छ, ती सबै शिवले अपनाउँदा पनि पार्वतीलाई फकाउन सक्नुभएन । तपाईको मनमा भएको अघि नै उकेली सक्नु भयो, अब लोलो पोतो नगर्नु भन्दै शिवको अनुनय विनय ठुक्र्याउँदै पार्वती हिँडिन् ।

विवाह अघि शिव प्राप्तिकालागि जुन पवित्र स्थानमा तप गरेकी थिइन् सोही ठाउँमा मातापितालाई यथार्थ सुनाई तपस्यार्थ बसिन् । तपमा बस्नु अघि गरगहना फुकाली पूर्ण तपस्वी भेष धारणगरी पार्थिव शिवलिङ्ग अगाडि राखी पितामह ब्रह्माको ध्यान गर्न थालिन् ।

स एव ब्रह्मणो मूर्तिमास्थाय तपसः फलम् ।
प्रदास्यति ममेत्येवं नित्यं कृत्वाऽकरोत्तपः ॥ शि.पु.वा.पू.२५।७

भगवती पार्वतीको तपस्या लामो समयसम्म चल्यो । यसै बीच एउटा अत्यन्त डरलाग्दो बाघ दैवसंयोग आहारा खोज्दै पार्वतीको तपस्थल आइपुगेछ । दूषित भावनाबाट प्रेरित बाघलाई आफ्नो सामुन्नेमा देखे पनि उमामा कुनै विकार आएन, उनी विचलित भइनन्, वरू बाघ स्तम्भित भयो । उमाका अगाडि बसी केवल मासुको परिकल्पनामा डुबिरह्यो । उमाले पवित्र कल्पना गरिन् । उनलाई लाग्यो यो बाघ मेरो सुरक्षार्थ मेरा अगाडि बसेको छ । एक टक लगाएर जसै जगज्जननी मातालाई हेरिरह्यो मानौ उसका समस्त दूषित भावना नष्ट भई दुष्टता पनि हृदयबाट हट्यो । मूल प्रकृति संसारकी आमा पो हुनुहुँदो रहेछ भनी चिन्यो । अब पवित्र मनले माताको सुरक्षार्थ खटियो ।

तस्या एव कृपायोगाात् सद्यो नष्टमलत्रयः ।
बभूव सहसा व्याघ्रो देवीञ्च बुबुधे तदा ॥
न्यवर्तत बुभुक्षा च तस्याङ्गस्तम्भनं तथा ।
दौरात्म्यं जन्मसिद्धञ्च तृप्तिश्च समजायत ॥
तदा परमभावेन ज्ञात्वा कार्तार्थ्यमात्मनः ।
सद्योपासक एवैष सिषेवे परमेश्वरीम् ॥ शि.पु.वा.पू.२५।१४,१५,१६

स्वर्गमा भने शुम्भ, निशुम्भादि दैत्यहरूको उत्पात असह्य भैसकेको थियो । देवता ब्रह्मा समीप पुगे पछि ब्रह्मा अतालिदै पार्वतीको तपस्थल पुग्नुभयो । हे मातेश्वरी ! लामो समयदेखि मलाई किन सम्फनु भएको ? यो कठोर तप किन ?

पार्वती भन्नुहुन्छ– हे पितामह ! कुनै कल्पमा मेरा पति रूद्र हजुरका आखिभौबाट उत्पन्न हुनुभएको थियो अरे, त्यो हिसाबले हजुर मेरा ससूरा हुनुभयो । ससूरा भनेको गुरू समान सम्मानित हुन्छन् । हजुरलाई दुःख निवेदन नगरे कसला गरौं ? म काली भएँ अरे, म राम्री छुइन अरे, श्रीमान्ले नै यसरी भनेपछि म के गरौं ? मलाई गोरी बनाइदिनु, अन्यथा म प्राण त्याग गर्नेछु । बाँचिरहनु के सार ?

यदा पुनः प्रजावृद्ध्यै ललाटाद् भवतो भवः ।
उत्पन्नोऽभूत्तदा त्वं मे गुरुः श्वसुरभावतः ॥
किमत्र बहुना देहे यश्चायं मम कालिमा ।
त्यक्त्वा सत्वविधानेन गौरी भवितुमुत्सहे ॥

–शि.पु.वा.पू.२५।३०,३३

माता पार्वतीले ब्रह्मालाई श्रेय दिएर आफ्नो कालो छाला परित्याग गरी गोरी हुनुभयो । यसरी आफ्नो स्वरूप परिवर्तन गरी माता उमानै गौरीका रूपमा प्रख्यात हुनुभएको हो । पार्वतीबाट छोडिएको उक्त चर्मबाट कौशिकी नाम गरेकी कालो वादल जस्तै काली एउटी कन्याको उत्पत्ति भयो ।

सा त्वक्कोशात्मनोत्सृष्टा कौशिकी नाम नामतः ।
काली कालाम्बुदप्रख्या कन्यका समपद्यत ॥

–शि.पु.वा.पू २५।३९

मायाशक्ति ती कन्या योगनिद्रा तथा वैष्णवीशक्ति भइन् । उनका शंख, चक्र, त्रिशूल आदि धारण गरेका ठूला ठूला आठ वटा हात थिए । त्रिनयना शिरमा चन्द्रमा धारण गरेकी ती भगवतीलाई ब्रह्माले वाहनकालागि सिंह प्रदान गर्नुभयो । भगवती काली माता गौरी र ब्रह्मालाई नमन गर्दै शुम्भ निशुम्भादि दैत्यहरूको विनाशार्थ विन्ध्याचलतर्फ प्रस्थान गर्नुभयो । कालीको बासस्थान विन्ध्याचल मानिन्छ । यिनै कालीले दैत्यहरूको विनाशगरी भक्तहरूको रक्षा गर्नुभएको थियो । स्वयं कौशिकी नदी रूपमा

प्रवाहित हुँदा सप्तकोशीको उत्पत्ति भएको मानिन्छ । उता गौरीले ब्रह्मासँग अनुरोधगरी बाघलाई पनि साथमा लिई मन्दराचलतर्फ प्रस्थान गर्नुभयो, जहाँ पार्वतीको प्रतिक्षामा शिव छट्पटाइरहनु भएको थियो ।

प्रययौ मन्दरं गौरी यत्र भर्ता महेश्वरः ।

सर्वेषां जगतां धाता कर्ता पाता विनाशकृत् ॥

–शि.पु.वा.पू.२६।२९

लामो प्रतिक्षा गरेका शिवगण र स्वयं शिव पनि निरास हुनुहुन्थ्यो, जसै नन्दी भृङ्गीले माताको आगमन भएको थाहा पाए उफ्रदै अत्यन्त भावविभोर हुँदै पार्वतीलाई लिएर आए । हर्षित शिवले दुवै हातले पार्वतीलाई उठाएर काखमा राखी धेरै नै गोरी भइछ्यौ भन्दै आलिङ्गन गर्नुभयो । त्यसदिन देखि माता गौरी, महागौरी नामले विख्यात हुनुभएको हो । जसको अर्थ धेरै गोरी, राम्री भन्ने बुझिन्छ । जसले अन्तरात्मामा रहेको कालो कलुषित भावलाई हटाई उज्वल सफा बनाउँछ या अज्ञानरूपी कालिमा हटाई ज्ञानरूपी दीपक जलाउँछ, उनैलाई गौरी भनिएको हो । नवदुर्गा भगवतीको आराधना गर्ने क्रममा महागौरीको विशेष पूजा गरिन्छ ।

महागौरीतिचाष्टमम् ॥ दुर्गाकवच ।

गौरीलाई सौभाग्यको प्रतीक मानिन्छ । गौरी पूर्ण ब्रह्मस्वरूपिणी मानिन्छिन् । ब्रह्मादि देवता, सनकादि मुनिगण, मनु प्रभृति यिनको वन्दना गर्दछन् । यश, मङ्गल, सुख, सुविधा आदि व्यवहारिक पदार्थ तथा मोक्ष प्रदान गर्नु यिनको स्वभाविक गुण हो । यी शरणागतवत्सला एवं तेजकी अधिष्ठातृ देवी हुन् । यिनले सदा सर्वदा भोलेनाथलाई शक्तिसम्पन्न बनाउँछिन् । गौरी भनेकी महाशक्ति हुन्, शिवशक्ति हुन् । शक्तिविना शिव पनि शव (लाश) हुन्छन् । शिवमा रहेको इच्छाशक्ति नै इकार हो । शिवमा इकार नहुँदा शिव शव हुन्छ । जसको कुनै औचित्य रहदैन ।

देवीका एकसय आठ नाम मध्ये गौरी पनि प्रचलित नाम हो । माता गौरीको अद्‌भूत मूर्ति कान्यकुब्जको सिद्धपीठमा विराजित छ । आर्य संस्कृतिमा अहिले पनि सर्वप्रथम गौरी गणेशको पूजा आराधना गर्ने परम्परा छ ।

अद्‌भूतरामायण अनुसार माता सीताको अपमान हुँदा समस्त नारीजातिको आदर सम्मानको रक्षार्थ स्वयं माता सीताले सहस्रमुखी रावणको अन्त्यगरी राम सहित ब्रह्मा, विष्णु, महेश्वर, हनुमान आदि समस्त देवी देवताको रक्षा गर्नुभएको प्रसंग उल्लेखित छ । त्यसैक्रममा शक्तिविना कसैले केहीगर्न सक्तैन, भन्ने स्वीकारगरी सीता मातासँग सबैले क्षमा मागी हजार नामले सीताको स्तुति गर्दै आज उप्रान्त शक्तिको नाम अगाडि उल्लेख गरून् भन्ने पाइन्छ । जस्तै विष्णुलक्ष्मीनभनेर लक्ष्मीनारायण भन्नु, कृष्ण राधा होइन राधाकृष्ण भन्नु, शिवपार्वती नभनेर गौरीशंकर या उमामहेश्वर भन्नु आदि आदि । मातापिता एकत्र बसेको ठाउँमा पुगियो भने पहिले मातालाई दण्डवतगरी पछिमात्र पितालाई दण्डवत गर्नु भन्ने उल्लेख प्रष्ट रूपमा ब्रह्मवैवर्तपुराणको कृष्णजन्मखण्डमा छ । यसरी सर्वत्र नारीशक्तिलाई सम्मान दिएको पाइन्छ । तर सबै नारी सीता, अनुसूया हुँदैनन् भने सबै पुरुष राम, कृष्ण हुँदैनन् ।

गौरीको महिमा झल्काउने प्रसंग हेर्दा माता पार्वतीले गोरी हुन लिएको व्रतका कारण गौरीव्रत चलेको देखिन्छ । गौरीव्रत र गौरीको उपासनाले कुशध्वज राजाकी छोरी वेदवतीले अर्को जन्ममा राजा जनककी छोरी जानकी भई नारायणांश श्रीराम पति रूपमा प्राप्त गरेकी थिइन् । द्वापरयुगमा गोपिनीहरूले गौरीव्रतकै प्रभावले श्रीकृष्णलाई प्राप्त गरी रासलीलाको आनन्द लिएका थिए ।

सा लब्ध यौवना प्राप रामं दाशरथिं सती ।

व्रतस्यास्य प्रभावेण कान्तं त्रिजगतां पतिम् ॥

प्रकाशितं वशिष्ठेन पृथिव्यां भक्तिभावतः ।

राधा कृत्वा व्रतमिदं श्रीकृष्णप्राणवल्लभम् ॥

गोपाङ्गनाश्च तं प्रापु र्व्रतस्यास्य प्रभावतः ।

इत्येवं कथिता विप्र कथा गौरीव्रतस्य च ॥

–ब्र.वै.पु.कृ. २७ ।६६,६७,६८

गौरीका नामले प्रचलित यो व्रत मार्ग महिनाको सङ्क्रान्तिबाट प्रारम्भगरी एक महिनासम्म लिने विधान छ । जुन व्रतका प्रभावले अटल सौभाग्य, धनधान्य पुत्र पौत्रादि प्राप्त गरी अन्त्यमा मोक्षपद प्राप्त हुन्छ ।

जगज्जननी माता गौरीका बारेमा जति व्याख्या गरे पनि हामी पार पाउँदैनौं । तिनै गौरीको कर्मणा मनसा वाचा वन्दना गर्दै प्रकाशित गौरी नामक मासिक पत्रिकाले गौरीले जस्तै पाठकहरूमा रहेको अज्ञानतालाई नष्टगरी

सदा सर्वदा ज्ञानको ज्योति छरिरहेको यथार्थ छर्लङ्ग छँदैछ । यस पवित्र कार्यमा अहर्निश खट्ने अर्जुनज्यू तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबैमा साधुवाद टक्र्याउँदै माता गौरीको कृपा सबैमा रहोस् भन्ने कामना गर्दछु-

ज्ञानी सन्त महन्तका बचनले यो पत्रिका पूर्ण छ ।
छन् शास्त्रीय कुरा छ धर्म हितको श्रद्धा र विश्वास छ ॥
विद्वान् औ विदुषी गुणी सहृदयीका दिव्य वाणी छ यो ।
गौरी मासिक पत्रिका सुजन हो यो ज्ञान भण्डार हो ॥

ठूलो त्याग अथाह कष्ट सहँदै जुट्दै खटी अर्जुन ।
सारा भार सही विषाद् नलिई गर्दै यो सञ्चालन ॥
धेरै पाठकको बनी प्रिय अहो ! गौरी धराकी धन ।
मेरो यो शुभकामना अझ बनोस् यो पत्रिका स्पन्दन ॥

देख्छौं धर्म कला सुसंस्कृतिहरू पढ्छौं कयौं चिन्तन ।
भेट्छौं भाव सुधा अनन्त रसिला षट्शास्त्रको मन्थन ।
गौरी मासिक पात्रिका सुजनको हो दिव्य आभूषण ।
रोजून् ग्राहकले प्रफुल्ल मनले यो पत्रिका पावन ॥ ❖

-वाल्मीकि विद्यापीठ, काठमाडौं



असोज महिनाका

पर्व तथा विदा

१ गते अनन्त चतुर्दशी
२ गते पूर्णिमा
३ गते सोह्रश्राद्ध आरम्भ प्रतिपदा/द्वितीया श्राद्ध
४ गते तृतीया श्राद्ध
५ गते चतुर्थी श्राद्ध
६ गते पञ्चमी श्राद्ध
७ गते षष्ठी श्राद्ध
८ गते महालक्ष्मी व्रत समाप्ति/सप्तमी श्राद्ध
९ गते अष्टमी श्राद्ध/बुधाष्टमी/गोरखकाली पूजा/जितियापर्व (पर्व मनाउने महिलाहरूलाई बिदा)
१० गते नवमी श्राद्ध
११ गते दशमी श्राद्ध/विश्व पर्यटन दिवस
१२ गते इन्दिरा एकादशी व्रत/एकादशी श्राद्ध
१३ गते द्वादशी श्राद्ध/मघा श्राद्ध
१४ गते सोम प्रदोष व्रत/त्रयोदशी श्राद्ध
१५ गते चतुर्दशी श्राद्ध
१६ गते औंसी श्राद्ध/पितृ विसर्जन/विश्व अहिंसा दिवस
१७ गते घटस्थापना व्रत/नवरात्र आरम्भ
२४ गते फूलपाती/विश्व दृष्टि दिवस
२५ गते महाअष्टमी व्रत/कालरात्रि/महानवमी व्रत/गोरखकाली पूजा
२६ गते विजया दशमी/देवी विसर्जन
२७ गते पापांकुशा एकादशी व्रत/अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवस
२८ गते दशैं विदा
२९ गते प्रदोष व्रत
३० गते कोजाग्रत व्रत

आध्यात्मिक साहित्यमा गौरीको भूमिका



-प्रा.डा. भूपहरि पौडेल

विषयप्रवेश

नेपाली भाषामा छापिएका पत्रपत्रिकामध्ये विशेषतः आध्यात्मिक विधाका कविता, लेख-निवन्ध र समालोचनाका साथै अध्यात्म क्षेत्रसँग सम्वन्धित गतिविधि र विज्ञापन समेत समावेश गर्ने उद्देश्यले वि.सं. २०६२ साल असोजमा गौरीको प्रकाशन प्रारम्भ भएको थियो । पाशुपत क्षेत्रको भूवनेश्वरी मार्गमा कार्यालय रहेको गौरी मासिक पत्रिकामा नेपालका ठूलाठूला विद्वान् दार्शनिक, चिन्तक, साधक तथा अध्यात्म विधामा आस्था राख्ने जिज्ञासुहरूका कविता, लेख, निवन्ध र समीक्षाहरूको प्रकाशन गरेर नेपाली अध्यात्म साहित्यको विकास र विस्तारमा यस पत्रिकाले पुऱ्याएको योगदान अत्यन्त मननीय रहेको छ ।

जीवन कर्कलाको पातमा टल्किएको पानीको फोका हो भन्ने महसुस गर्नेहरू अध्यात्मपरक साहित्यको रचनाका साथै योगी, संन्यासी र विद्वान्का प्रवचनहरूको श्रवण, स्मरण, चिन्तन र सोही अनुसार आचरण र व्यवहारमा प्रवृत्त भइरहन्छन् ।

जीवनलाई रमाइलो गर्ने एक साधनका रूपमा स्वीकार गर्ने अति भौतिकवादीहरू भने अध्यात्म चिन्तनतर्फ मनै लगाउँदैनन् । जब शरीरमा नाना थरि व्याधिले आफ्नो गहिरो प्रभाव फैलाउन शुरू गर्छ, घरका परिवार र इष्टमित्र नाता सम्वन्धले पनि छिःछिः र दुर्दुर् गर्छन्, आफ्नै घरको आँगन पनि परदेश जस्तै अनुभव हुन्छ । त्यसपछि मात्र चेतना खुलेर मानिस अध्यात्म साधनातर्फ प्रवृत्त हुन खोज्छ, तर समय घड्की सकेको हुन्छ, मानिस स्वयंले पनि अब आफ्नो जाने समय आइसकेको महसुस गर्छ, घरले जाजा वनले आइज आइजको स्थितिमा दर्शन र अध्यात्म साहित्यको अध्ययन र चिन्तनतर्फ प्रवृत्त हुन खोजे पनि ऊ आत्तिइ सकेको हुन्छ र भयभीत हुन्छ । उसलाई आफूले यो जुनी व्यर्थै व्यतित गरेको चिन्ताले सताउन थाल्छ ।

वास्तवमा गौरी मासिक पत्रिकाले उमेर छँदै सबै मानिस अध्यात्मदर्शन र साहित्यको अध्ययन श्रवण र चिन्तनतर्फ प्रवृत्त भइरहून् भन्ने सन्देश दिन खोजेको देखिन्छ तर गुह्येश्वरी, पशुपति र भुवनेश्वरीको दर्शन गर्दै आर्यघाट र भष्मेश्वरमा दाह भइरहेका शव र केही क्षणपछि अवशेष बनेर खरानी भएर चिताबाट पखालिएको अवस्था देखी रहँदा पनि मलामी र त्यहाँ वरपर भेलाभएका रमिते भक्त र योग चिन्तकहरू सांसारकि मायाजालकै सेरोफेरोका कुरा गरेर समय विताएको देखिएको छ । यसबाट आफै नमरी अर्को संसार देखिँदैन भनेझैं अधिकांस मानिसमा अरू मरेको र जलाएको देखेको भरमा तत्त्ववोध नहुने रहेछ भन्ने प्रष्ट हुन्छ ।

यस पत्रिकामा प्रकाशित सामग्री अध्ययन गरेका व्यक्तिमध्ये केही व्यक्तिमात्र जीवन, मायाजाल, ब्रह्मचिन्तन र मृत्युका विषयमा बोध गरी दर्शन तथा अध्यात्म साहित्यको अध्ययन र मननतर्फ प्रवृत्त भइरहे भने अर्जुन लामिछानेको एकल प्रयत्नबाट गौरी पत्रिका निरन्तर रूपमा प्रकाशित भइरहेको सार्थक हुने बुझिन्छ ।

गौरी र अध्यात्म साहित्यको प्रकाशन परम्परा

नेपाली पत्रिकाको परम्परा अध्ययन गर्दा मोतिराम भट्टले वनारसबाट १९४८ सालमा प्रकाशनमा ल्याएको गोर्खा भारत जीवनको ऐतिहासिक महत्त्व रहेको छ । नेपाली भाषामा यसभन्दा पहिले पत्रपत्रिकाको प्रकाशन

भएको पाइएको छैन । १९४८ सालभन्दा पहिले आध्यात्मिक सूचना सामाजिक समाचार तथा अन्य श्रवणीय तथा पाठ्यसामग्रीहरू नेपाली कागजका पानामा लेखेर परेवाका पखेटामा धागोले बाँधी उडाइदिने परम्परा थियो । आफ्नो पखेटामा बाँधिएको कागज लिएर परेवा सम्वन्धित गाउँको घरको आँगनमा पुगेर बस्थ्यो, त्यसपछि त्यस घरका मुली अथवा परिवारका अन्य सदस्यले परेवाको पखेटामा बाँधिएको कागज फुकाएर पढ्थे, त्यस कागजमा टाढा बसेका आफन्तले सञ्चो विसञ्चोको साथै धर्म, व्रत र अनुष्ठानका कुरा लेखेका हुन्थे । पत्रिका र सञ्चारका अन्य साधनहरूको प्रारम्भ समेत नभएको नेपालको प्राचीन समयमा परेवा नै खवर फैलाउने पत्रपत्रिका हुन्थे । त्यसबेलाका प्रकाशक र प्रचारकका रूपमा परेवाले निर्वाह गरेको महत्त्वपूर्ण भूमिकालाई इतिहासको अध्ययनीय अन्वेषणीय विषयको रूपमा लिन सकिन्छ ।

परेवाको खवर सञ्चारपछि कुनै एउटा गाउँको विचार, अध्यात्म र सामाजिक चेतनाको प्रचार प्रसारमा स्थानीय तहका महिला गायक, कलाकार, यायावर, जिम्वाल, मुखिया, थरी, सन्त, महन्तको पनि महत्त्वपूर्ण भूमिका हुने गर्दथ्यो । उनीहरू आफ्ना गाउँठाउँका पारिवारिक सदस्यको सञ्चो विसञ्चोको खवर सुनाउनुका साथै नातासम्वन्धलाई सत्यनारायणको पूजा, रूद्रि होम सप्ताह, एकाहको मौखिक निम्ता गर्दथे, सुपारी र जनै उपलब्ध भएमा दुवैलाई एकै ठाउँमा मोडेर निम्ताका रूपमा दिइन्थ्यो । अचेलका सन्दर्भमा कुरा गर्दा गौरी पत्रिकाको भित्री आवरण अन्तिम आवरण तथा उपयुक्त कुनै पृष्ठमा आध्यात्मिक अनुष्ठानको सूचना अथवा विज्ञापन प्रकाशन हुन्छ । समयानुसार कार्य प्रकृति फरक भएपनि उद्देश्य भने एउटै हुन्छ ।

१९४८ सालपछिको प्रकाशन अवस्था र गौरी

वि.सं. १९४८ मा गोरखा भारत जीवन पत्रिका प्रकाशनको उत्तरवर्ती समयमा नेपाली पत्रिकाको प्रकाशनको विस्तार हुँदैगएको पाइन्छ । जस्तो सुधासागर- १९५५, गोर्खे खवर कागज- १९५९, गोर्खापत्र- १९५८, उपन्यास तरंगिणी- १९५९, सुन्दरी- १९६३, माधवी १९६५ का साथै नेपाली साहित्यको माध्यामिक कालमा प्रकाशित भएका अन्य पत्रिकाहरूमा चन्द्र १९७१, गोर्खाली १९७२, चन्द्रिका १९७४

को विशेष स्थान रहेको छ । नेपाली साहित्यमा आधुनिक कालको आमन्त्रण गर्ने साहित्यिक पत्रिका शारदा (मासिक १९९१) हो । यस पत्रिकामा केही आध्यात्मिक विषयका कविता, लेख, रचनाहरू प्रकाशित भएपनि मूल रूपमा अन्य विधाका कविता, कथा, निवन्ध र समालोचनाहरू प्रकाशित भएको पाइन्छ । त्यसपछि २००८ सालमा नेपाल वाहिरबाट प्रकाशित भएको भारती पत्रिकामा दशै तिहारजस्ता पर्व पर्वका कविता र लेखका साथै केही अध्यात्मपरक र केही चाहीँ अध्यात्मका स्पर्शात्मक रचनाहरू प्रकाशित भएका थिए । त्यस्तै २०१३ सालमा इन्द्रेणी (कविताप्रधान), २०१६ मा धरती, २०१७ मा रूपरेखा, २०१८ मा रचना, २०२१ मा तत्कालीन रोयल नेपाल एकेडेमीबाट कविता, २०२७ मा माधुर्य, २०२७ सालमै प्रज्ञा जस्ता पत्रिकाहरूमा अध्यात्म सम्वन्धी स्पर्शात्मक केही कविता र लेखहरू प्रकाशित भएका पाइन्छन् । २०२५ सालदेखि अहिलेसम्म नियमित रूपमा प्रकाशित भइरहेको मधुपर्क र २०३९ पुसदेखि नेपाली भाषा, विधागत साहित्य र सांस्कृतिक एवम् धार्मिक सन्दर्भका लेख रचनाहरू समावेश गरी गरिमा धेरै वर्ष नियमित प्रकाशित भइरह्यो । तर, हाल साझा प्रकाशनको खस्कँदो व्यवस्थापन समितिका कारण गरिमा

पनि ओझेलमा परेको छ । प्रारम्भमा गोर्खा भाषा प्रकाशनी समिति (१९७०) त्यसपछि नेपाली भाषा प्रकाशनी समिति (१९८०) तथा सोही समिति २०२१को कम्पनी ऐन अन्तरगत साझा प्रकाशन संस्थाका रूपमा स्थापना र सञ्चालन भएर नेपाली भाषा र साहित्यको सेवा गरिरहेको यो संस्थालाई नै हाल कुशल व्यवस्थापकीय सेवाको खाँचो छ ।

नेपाली अध्यात्म साहित्यको प्रकाशन परम्परामा समाचार प्रधान पत्रिका गोरखापत्रको योगदान अविष्मरणीय, अनुसन्ध्येय र संस्मरणीय रहेको छ । त्यस्तै नेपालमा अध्यात्म साहित्यको प्रकाशनमा विशिष्ट कोटिको भूमिका निर्वाह गरेका आध्यात्मिक पत्रिकाहरू पनि प्रकाशित भएको पाइन्छ । जस्तो वैदिक उद्‌वोधन, विश्वात्मदर्शन, पशुपति क्षेत्र (प्रकाशक पशुपति क्षेत्र विकास कोष, केही अंक प्रकाशित भएर बन्द भएको) को श्रृङ्खलामा आजभन्दा १९ वर्ष अगाडिदेखि नियमित रूपमा प्रकाशित हुँदैआएको गौरी नेपाली अध्यात्म साहित्यको प्रकाशन परम्परामा एक राम्रो पत्रिकाको रूपमा पाइन्छ । अझ क्रमागत लेखहरूको प्रकाशनमा क्रमिक सुधारको साथै डिमाइ साइज, अक्षरका आकारमा सुधार तथा स्तरीय लेखहरू छाप्ने व्यवस्था गर्ने हो भने गौरी पत्रिका पनि उच्च कोटिको आध्यात्मिक पत्रिकाका रूपमा स्थापित हुन सक्छ । पुस्तक, पत्रिका, लेखक र सम्पादकलाई फोस्रा प्रशंसाले भन्दा स्वस्थ र सुधारमुखी आलोचना र सुधारले स्तरीय र समुन्नत बनाउन सहयोग पुर्‍याउँछ ।

निष्कर्ष

अध्यात्मपरक साहित्यिक सामग्रीहरू प्रकाशन गर्ने पत्रिकामध्ये केवल समाचार प्रधान, अध्यात्म इतर साहित्यप्रधान र प्रमुख आध्यात्मिक गरी ३ प्रकारका पत्रिकाहरूको प्रकाशन हुँदैआएको छ । गौरी अध्यात्मपरक साहित्यिक सामग्रीहरू प्रकाशन गर्दै निरन्तर रूपमा अगाडि बढिरहेको छ । दर्शन धर्मशास्त्र, मठमन्दिर, अध्यात्मपरक ग्रन्थहरूको समीक्षा, चाडपर्व सम्वन्धी लेख रचनाहरू आध्यात्मिक साहित्य अन्तरगत पर्दछन् । गौरी पत्रिकाले अध्यात्म साहित्यको विकासमा पुर्‍याएको योगदान अविस्मरणीय रूपमा रहेको छ । नियमित रूपमा प्रकाशित हुँदै यस पत्रिकाले नयाँ गति र दिशा लिँदै जानेछ भन्ने कुरामा समेत आस्वस्त र विस्वस्त हुन सकिन्छ ।❖

–सानोठिमी, भक्तपुर

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छट पर्व–२०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

भुवन लामा, वडाध्यक्ष एवम्
काठमाडौं महानगरपालिका
वडा नं.- ६ परिवार
बौद्ध, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छट पर्व–२०८१ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।



राजेश कुमार श्रेष्ठ वडाध्यक्ष एवम्
काठमाडौं महानगरपालिका
वडा नं.- १९ परिवार
दमाइटोल, काठमाडौं

धर्मानन्द भारवि

गौरी जपी बस्दछु

गौरीगान म गर्छु भक्तिरसको माधुर्यमा रम्दछु
श्रद्धाको अनुभूति भर्छु दिलमा आनन्दिलो बन्दछु
छन् ब्रह्माण्ड असंख्य तैपनि उनै गौरीविना के छ र ?
सारा शक्ति चलाउँछ्यौ भगवती तिम्रै कला हैन र ?

गौरीशङ्कर हुन् अभिन्न जसले जान्यो उही तर्दछ
यै हो आदि सनातनी समझ नै हुन् अर्धनारीश्वर !
लीला चल्छ अनन्त भावरसमा सद्भक्तले बुझ्दछ
आनन्दी रस, भाव, काब्य-कलना हुन् चेतना निर्झर !!

बस्छन् उच्च थलो हिमालतिर नै आकास-पातालमा !
ज्यादै सूक्ष्म र स्थूल रूप पनि छन् भेटिन्न तत्कालमा
वर्षौंवर्ष अथाह तप्त तपमा रम्नेहरूले पनि
लीला बुझ्न कठीन हुन्छ कहिले सर्वत्र भेट्दा पनि !!

छातीभित्र सुरम्य चेत म चुमूँ तिम्रै कलामोहिनी !
सारा मानिस, जीव, जन्तु अथवा पन्छी सबै हौ गुनी !!
आमाको कति सिर्जना छ कसले जान्यो र जान्ला यहाँ
तिम्रै हुन् अपरा-परा प्रकृतिका लीला अनेकौं जहाँ !

तिम्रै कीर्तन चल्छ यो धरणिमा लाखौं शताब्दीतक
तिम्रै सिर्जनशीलता-सहजता हो दिव्यताको हक
तिम्रै चाह अथाह छन् हृदयमा छामूँ स्वयं पाउँछु
छन् निष्काम, निसाप-स्रोत लहरा सङ्केत क्यै बुझ्दछु

छ्यौ पूर्णा सबला विवेकबलमा रम्छ्यौ सधैं हैन र ?
रत्ती छैन नि दम्भ-द्वेष-छल क्यै हौ सिर्जनाकी घर
गौरीबोध हुँदा समस्त भव यो आफ्नै जसो ठान्दछु
हट्छन् बादल द्वन्द्वका लहर नै गौरी जपी बस्दछु ।❖

-तीनथाना, काठमाडौं

शिवको गौरी, कृष्णाको अर्जुन

– सहप्रा. डा. विनुबाबा अर्याल

संसारको सर्वोच्च पर्वत हिमालयको काखमा अवस्थित यो हाम्रो देश नेपालमा प्राचीन कालदेखि नै शक्तिको स्थान उच्च रहेको छ । ज्ञानले सजिएको वेदहरूमा शक्तिको महत्ता निकै ठुलो मानिएको छ । ऋग्वेदको वागम्भृप सूक्तमा स्वयं वाग्देवीले आफ्नो शक्तिबारे बताएकी छिन्– 'मैले नै एकादश रूद्र, वसु, चन्द्र, सूर्य, विश्वदेव आदि देवताहरूलाई धारण गर्दछु । म नै राष्ट्रको सर्वोच्च शक्ति हो । मेरो उपासना जसले गर्दछ उसलाई यहि अनुसारको शक्ति प्रदान गर्दछु । मैले नै स्वर्ग, अन्तरिक्ष तथा पृथ्वीको धारण गरेकी छु ।'

यस्ती शक्तिले सजिएकी कल्याणकारी शिवकी गौरीमा आफूलाई समर्पित गरी गोरखाको धावाबाट अध्यात्मको पाइला चाल्दै शिवकी गौरीलाई आफ्नो शक्ति बनाई अध्यात्मको बाटोमा अग्रसर भई अथकित अर्जुन लामिछानेको सम्पादकत्व र प्रकाशकत्व गौरी मासिक पत्रिका प्रकाशन भइरहेको छ । वि.सं. २०६२ साल असोज महिनामा जि.प्र.का. काठमाडौंमा दर्ता गरी सोही महिनाबाट प्रकाशन शुरू भएको गौरी शङ्करको निवासमा आफ्नो संस्कृति सभ्यता सँगसँगै अध्यात्मको चेतनाको दीप बालेर हिँडेकी यस गौरी मासिक पत्रिका यसै महिना असोजबाट १९ औं वर्ष पार गर्दै २०औं वर्षमा प्रवेश गरेकिछन् ।

गौरी एक सनातन संस्कृति अध्यात्मलाई आत्मसात गर्दै प्रकाशित हुने पत्रिका हो । यसमा लेख, कविता, समीक्षा, लोकवार्ता, स्थान परिचय, संस्मरण, योग, ज्ञान, विज्ञान, चाडपर्व आदिका साथै महिना विशेषका आधारमा मुखपृष्ठको आवरण कला, तस्वीर लगायतका सामग्री प्रकाशित हुन्छन् । गौरीले सबैलाई सक्दो तरिकाबाट यथा स्थानमा राखेर सबै क्षेत्रको विशेषतालाई सम्मान गरेर ज्यादै स्तुतियोग्य कार्य गरेको छ ।

गौरीले कुनै लहड, कुनै क्षणिक आवेश, आक्रोश, प्रतिष्पर्धाको दूषित भावना नलिई विभिन्न विद्वान् साधुसन्त एवम् महन्तहरूको मार्गनिर्देशन र आशीर्वादलाई शिरोधार्य गर्दै आफ्नो यात्रा अघि बढाइरहेको छ । धेरै विद्वान् तथा सन्तहरू जसको सामिप्यमा रहेर गौरीले वामे सरीसरी हिँड्न सिकिन् उहाँहरू भौतिक रूपमा यस संसारमा नरहे पनि उहाँहरूको आशीर्वचन गौरीका लागि मार्गदर्शन भएको छ ।

प्राचीन आध्यात्मिक साहित्य (वेद, पुराण, उपनिषद्, भागवत्गीता) हरूलाई आदर्श मानी धार्मिक सांस्कृतिक एवम् आध्यात्मिक विषयवस्तु समेटी प्रकाशन शुरू गरिएको गौरी मासिक एउटा विशुद्ध आध्यात्मिक, साहित्यिक पत्रिका हो जसले समाजमा एउटा अलग पहिचान बनाउन सफल भएको छ । विभिन्न प्रतिकुलतालाई झेल्दैझेल्दै विगत १९ वर्षदेखि निर्वाद प्रकाशन भइरहेको छ ।

यहाँनिर भन्न मन लाग्छ कि, नामअनुसारको काम अर्जुन लामिछानेबाट भएको छ । अर्जुन शब्दको अर्थ नै सोझो अथवा सरल स्वभाव हो । यस्तो विशेषताले युक्त अर्जुनलाई हेर्दा श्रीकृष्णलाई सम्झिन मन लाग्छ । अर्जुनको सारथी बनेर कृष्ण नबसेको भए न कुरूक्षेत्रमा दुईतर्फका सेना सामु अर्जुनले आफ्नो आन्तरिक व्यथालाई त्यसरी पोख्ने थिए न त कृष्णले अर्जुनलाई समयको आह्वानलाई पुरा गर्न अघि सार्दै गीता प्रवचन नै गर्ने थिए । यस मित्रताबाट आर्य देशमा त्यत्रो विश्वविख्यात महाग्रन्थ जन्मियो । यो मैत्रीको अर्को पक्ष कृष्णमा रहेको समग्र निस्पृहता र अर्जुनमा रहेको पूर्ण समर्पण हो ।

अर्जुन भगवान् कृष्णका परमभक्त तथा परममित्र भएको हुनाले नै यो परमरहस्य उनलाई बताइएको हो । भगवद्गीता नै एउटा यस्तो ग्रन्थ हो जुन भगवद्भक्तका निमित्त बनेको छ । अध्यात्मवादीहरूका तीन श्रेणी छन्: १) ज्ञानी २) योगी र ३) भक्त । यहाँ भगवान्ले अर्जुनलाई नै यो नवीन शिष्यपरम्पराको प्रथम पात्र बनाएको कुरा प्रष्ट पार्नुभएको छ ।

हाम्रो पूर्वीय दर्शन शास्त्र अन्तर्गत न्यायशास्त्रले धर्म र अधर्मको परिभाषा यसरी गरेको छः विहित कर्मजन्यो धर्मः निषिहत कर्म जन्यस्त अधर्मः । अर्थात्, वेदले बताएको कर्मद्वारा उत्पन्न गुणविशेषलाई धर्म भन्दछन् भने वेदले निषेध गरेको कर्मद्वारा उत्पन्न गुणविशेषलाई अधर्म भन्दछन् । यहाँ धर्म र

अधर्म सिधै व्यक्तिविशेषको स्वभाव नभएर सिधै आत्मामा हुने विशेष गुण हो भनिएको छ । यसैलाई लिएर गौरीले आफ्नो यात्रालाई सफलिभूत पार्दै अनन्त अनन्तको बाटो पहिल्याउँदै हिँडिरहेछ । गौरी आध्यात्मिक मार्गको यात्री भएकाले यो आफैँमा सत्य, आनन्दित र खुशी छ ।

ब्रह्म सत् हो, चित्त हो र आनन्द हो । ब्रह्मको र आफ्नो शाश्वत सनातन सम्बन्ध छ । आफू पनि ब्रह्म नै हो । जीव होइन । जीवो ब्रह्मैव नापर । भौतिक विषयप्रति आकर्षण घटाउँदै र आध्यात्मिक चिन्तन बढाउँदै लाने गरे क्रमशः सुखनाभूतिको अभिव्यक्ति हुन थाल्ने छ । यसैलाई अर्जुन (गौरी)ले आफ्नो विषय बनाउनु भएको छ । जसले यस्ता सुविचार पढ्दछन्, उसका पाइला सन्मार्गतिर लाग्दछन् । त्यस सन्मार्गको पाइलाले सत्कार्य बढाउँछ । अतः गौरीलाई कसरी भव्यदिव्य अनि मङ्गलमय बनाउन सकिन्छ भन्ने त्यस साधक अर्जुनको सन्त प्रयन्त देखिन्छ । गौरीलाई सत्यं शिवं सुन्दरम्मा परिणत गराउने तथ्य उद्घाटित भएको पाइन्छ ।

संस्कृति राष्ट्रको पहिचान हो । संसारको कुनै पनि कुनामा पुगेका वखत आफ्नो संस्कृतिले नै हामीलाई जीवन्त राख्दछ । संस्कृति वा आफ्नो मौलिक विशेषता नभएको राष्ट्रको सम्मान हुँदैन, उसको गरिमा बढ्दैन । तर आज यस्तो पश्चिमी हावा चलाइएको छ कि, यी सबै मूल्यमान्यतालाई विपरीत ढङ्गबाट प्रस्तुत गर्ने परिपाटी चलाइएको छ । धर्मसंस्कृतिप्रतिको आस्थालाई चलायमान बनाइदिएपछि जुनकुनै समाज शक्तिहीन बन्न पुग्दछ । अहिले हाम्रो समाजमा यही भइरहेको छ । त्यसलाई हटाउनुको अर्को विकल्प छैन । सोलाई चिर्दै गौरीले अध्यात्म जागरणका लागि तपोमय जीवनबाट नियमितता र निरन्तरतासँगै यसको विश्वसनियतामा पनि क्रमशः वृद्धि हुँदैगइरहेछ । त्यो ज्यादै खुशीको कुरा हो ।

मानिसको जीवनमा सत्य, धर्म, न्याय, विवेक, कर्तव्यनिष्ठ, अनुशासन जस्ता मानीवय गुणहरूको विशिष्ट महत्त्व राख्दछन् । हिन्दु संस्कृतिमा मेहनत आदर्श एवम् वास्तविकतालाई इङ्गित गरेर समाजलाई मर्यादित एवम् आदर्शवान् बनाउने सत्प्रयास भइरहेछ । हाम्रो समाजको परम्परा र प्रचलनमा रहेका संस्कारको पुनर्जागरण गर्नु भएकोमा मुरीमुरी धन्यवादको पात्र हुनुहुन्छ श्रीअर्जुन लामिछाने ।❖

–बत्तीसपुतली, काठमाडौं

'गौरी' साहित्यलाई
शुभकामना !

भट्ट सुकुमार 'पार्वती पुत्र'

हे गौरी ! तिमी बीस बयमा, पुगेको सुन्दाकन
अध्यात्मिक साहित्य सिर्जना, मौलाऊने छ झन ।
पार्वती हौ उमा महेश्वर, गौरी बनेकी तिमी
विश्वमै यो पवित्रस्थल हो, पशुपतिको जिमी ।१।
यै गौशाला मृगस्थली वर, जन्मेर हुर्किएकी
साहित्य रस सिञ्चन हुँदा, फुर्केर फक्रिएकी ।
साथ सर्जकको अति छ हे ! गौरी तिमी पत्रिका
गौरीको बय बिसमा शुभम्, मौली रहु भद्रिका ।२।

लोकवेदमा गोरी गौरी भनेकी
यी पार्वती उमा नै हुन् कहेकी ।
शिव औ सरस्वतीको छ कृपा
अध्यात्म साहित्य स्वरूप दीपा ।
अध्यात्म साहित्य स्वरूप दीपा ।१।

सरस ईति कहेको साहित्य
भजन किर्तन बालुन नित्य ।
महिमा गौरीको हवोस् लालित्य
अनि यो मिठो अध्यात्म साहित्य ।
अनि पो मिठो अध्यात्म साहित्य ।२।❖

–मसेल गोरखा

सनातन शाक्तसुक्तः योगमाया गौरी

–डा. वी.पी. वडाल

सर्वमंगल मांगल्ये शिवे सर्वार्थ साधिके।
शरण्येत्र्यंबके गौरी नारायणि नमोस्तुते॥

नेपालको लगभग मध्यभाग दोलखा जिल्ला र सिन्धुपाल्चोक जिल्लाको सीमानामा, गौरीशंकर हिमाल विराजमान छ । यसै हिमालको अक्षांश र देशान्तरको आधारमा नेपालको स्थानीय समय निर्धारण गरिएको छ । भगवान् शिवको वासस्थान कैलाश पर्वत तथा मानसरोवर तिब्बतमा गाभिएपछी नेपालमा कैलाश पर्वत जत्तिकै पवित्र हिमाल गौरीशंकरलाई मानिन्छ । पापीहरूलाई नाश गर्ने तामसी रूपले अर्थात् रौद्र रूपले शिवलाई संहार गर्न ऊर्जा प्रदान गर्ने प्रमुख देवी माता नै योगमाया गौरी हुन् । भनिन्छ शिवको इकार नै शक्ति हो । शिवबाट इकार हटाइयो भने बाँकी शव हो । त्यसैले देवादिदेव महादेव अर्थात् भगवान् शिवको ऊर्जा भनेको नै देवी शक्ति माता गौरी हुन् ।

यो ब्रह्माण्डको सम्पूर्ण शक्तिकि अधिष्ठात्री देवी नै महालक्ष्मी, महासरस्वती, महाकाली हुन् । संस्कृतमा जेन्डर हुँदैन अर्थात् स्त्रिलिंग, पुलिंग र उभयलिंगको सटिक नियम नै हुँदैन । यसको कारण छ । दुर्गा सप्तसती चण्डीमा “श्रीमहाकाली–महालक्ष्मी–महासरस्वती देवताः” भनेर नै उल्लेख गरिएको छ । अर्थात् शक्तिको कुनै भेद हुँदैन । अर्थात् परमात्मा परमेश्वरको कुनै विभेद हुन्न । एउटै आमाका सन्तानमा मायाको कुनै विभेद हुँदैन । महिला-पुरूष, धनी-गरिव, उच-निच जस्ता घृणात्मक विभेद समाजले निर्धारण गरेको हो । शास्त्रमा वैदिककाल पछि पौराणिककालमा आएपछि मात्र केहि लौकिक प्रभाव परेको देखिन्छ ।

अद्वेतमा त्रिदेवी

ब्रह्म एक छ । एक परिवार जस्तै छ । प्रकृति र पुरूष मिलेर एक जीवन बन्छ । सनातन धर्ममा त्रिदेवहरूको ठूलो महत्त्व छ, जसमा ब्रह्मा (सृष्टिकर्ता), विष्णु (पालनकर्ता) र शिव (संहारकर्ता) पर्दछन् । यिनका साथमा त्रिदेवीहरू पनि हुन्छन्, जसले उनीहरूलाई शक्ति प्रदान गर्दछिन् । देवी सरस्वती ब्रह्माकी अधिपति हुन्, जसले ब्रह्मालाई सृष्टिको ज्ञान दिन्छिन् । लक्ष्मी विष्णुकी पत्नी हुन्, जसले विष्णुलाई संसारको पालनमा सहयोग गर्छिन् । पार्वती (वा गौरी) शिवकी पत्नी हुन्, जसले शिवलाई सन्तुलन र नाशको शक्ति दिन्छिन् । यसकारण देवीहरू विना त्रिदेवहरूको शक्ति अपूर्ण छ । अर्थात प्रकृति (शरीर) विना पुरूष (आत्मा)को स्थान हुँदैन, आमा विनाको घर, घर जस्तो हुँदैन ।

परमसत्य परमेश्वरको केवल एक अस्तित्व छ । त्यो अस्तित्व पनि प्रकृतिकै अधीनमा छ । त्यो सत्यको तीनवटा आयाम हुन्छन् । कुनै पनि चिजको सृष्टि हुन्छ, त्यसको पालनपोषण-वृद्धिविकास हुन्छ र अन्त्य हुन्छ । अर्थात सृष्टि, स्थिति र प्रलय हुन्छ । सृष्टि गर्न ज्ञान चाहिन्छ । ज्ञान विना कुनै बस्तुको पनि सिर्जना गर्न सकिंदैन । पालनपोषण गर्न लक्ष्मी (धन दौलत) चाहिन्छ । निर्जीव बस्तु विकास गर्न पनि पैसा चाहिन्छ । र यसको अन्त्य गर्न शक्ति चाहिन्छ । शक्ति विना कसैको पनि अन्त्य गर्न सकिंदैन ।

सृष्टि गर्ने ब्रह्माको ऊर्जा सरस्वती, स्थिति गर्ने विष्णुको ऊर्जा लक्ष्मी र प्रलय गर्ने शिवको ऊर्जा शक्ति हो । यो सत्यलाई उजागर गर्न शिव-पार्वती, विष्णु-लक्ष्मी तथा ब्रह्मा-सरस्वतीको सम्बन्धको कथा निर्माण गरियो । जनमानसले कथा सम्झिए तर कथा भित्रको सत्य बुझ्न सकेनन् । यो चक्रलाई नै पाशुपत चक्र भनिन्छ । यो चक्रलाई घुमाउनु पर्छ । जीवनका यी छ वटा आयाम नै वास्तवमा षट् दर्शनका

आधार हुन् । यहि ब्रह्म्मा-सरस्वती, विष्णु-लक्ष्मी, शिव-पार्वती अर्थात ब्रह्मा-बिष्णु-महेश अर्थात "ॐ" मात्रै एक सत्य हो । "ॐ- अ +ओ+म" मन्त्र नै तन्त्र साधनाको यन्त्र हो । सम्पूर्ण हिन्दु सनातन धर्म नै"ॐ" हो । त्यसैले यो सनातन पद्धति पिण्डमा पनि यहि हो र अण्डमा पनि यहि हो । त्रिदेव नै एक हो । एक नै तीन हो । तल तस्विरमा दिइएको पाशुपत चक्रले सबै तथ्य स्पष्ट पारेको छ ।

पाशुपत चक्र



(श्रोतः लेखक)

जसले यो चक्र बुझ्दछ उसले सनातन धर्म बुझ्दछ । जात, वर्ण, लिंग, सम्प्रदाय आदिमा आधारित सम्पूर्ण विभेद त्यागि दिन्छ । आफ्नो ज्ञान, शक्ति र धनको प्रयोजनबाट आफ्नो सृष्टि, वृद्धिविकास र सौम्य अन्त्य निर्दिष्ट गर्दछ ।

हाम्रो आफ्नो घरमा हेरौं । हाम्रो सानो संसार (घर परिवार)को सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता (ब्रह्मा, बिष्णु र महेस) खुद हामी आफै त हो । आफू मात्रै होइन आफ्नो भार्या पनि हो । परिवारको सृष्टि, स्थिति र प्रलयको ऊर्जा- उनि (भार्या) विना आफ्नो (भार्ता)को जीवन अथवा यो सानो सृष्टि अधुरो छ । उनी एक्लै वा आफू एक्लैले यो सृष्टि सम्भव नै छैन । त्यसैले महिलाविना पुरुष र पुरुष विना महिला अपुरो हुन्छ । जब दुईको मिलन हुन्छ अनि एक हुन्छ । अर्थात् १ र १ मिलेर ११ बन्छ ।

त्यसैले त भनिन्छ हरेक महिला भित्र एउटा पुरुष र हरेक पुरूष भित्र एउटा महिला लुकेको हुन्छ । त्यो लुप्त व्यक्ति म्यानिफेस्ट हुन्छ । त्यो अरू कोहि होइन- "तत् त्वं असि" । यसैलाई फेरी भन्न सकिन्छ- "अहं ब्रह्म अस्मि" । यो सानो हो, त्यो ठुलो छ अर्थात् Macro भित्र नै Micro छ । तथ्य तत्त्व एक छ । त्यसैले यसलाई जे दृष्टिले हेरे पनि हुन्छ । नारी-पुरुषमा विभेद छैन । महादेव नै अर्धनारेश्वर हुन् । उनी नै पुरूष वा नारी जुन रूपमा हेर्‍यो त्यहि देखिन्छन् । अथवा भगवान् पशुपतिनाथको श्रीको रूपमा श्रीपशुपतिनाथ भने पनि हुन्छ । श्री भने पनि हुन्छ- तत्त्व एकै हो । उनै स्त्री हुन् उनै पुरूष हुन् ।

को हुन् शाक्त ?

भगवान् श्रीपशुपतिनाथलाई सृष्टि, स्थिति, प्रलय, निग्रह र अवग्रहका अधिपतिका रूपमा पूजा आराधना गरिन्छ । यिनै भगवान् श्रीपशुपतिनाथको ऊर्जा (भार्या) सर्वशक्तिमान महामाया योगमाया देवी नै गौरी दुर्गा वा नवदुर्गा हुन् । मातृशक्ति, सौन्दर्य, धैर्य र प्रेमको प्रतीक नै गौरी हुन् । शिवको शक्तिको सौम्य, स्नेहपूर्ण र शुभ रूपको प्रतिनिधित्व नै गौरी हो । गौरी, मुख्यतः पार्वतीको रूप हो ।

पौराणिक कथाअनुसार, गौरी पर्वतराज हिमालय र उनकी पत्नी मेनका देवीकी पुत्री हुन् । पर्वतको छोरी भएकोले उनको नाम 'पार्वती' हो । भगवान् शिव, जो तपस्यामा लीन थिए, तिनको प्रेममा गौरीले कठोर तपस्या गरिन । तिनको तपस्याबाट प्रसन्न भएर, भगवान् शिवले पत्नीको रूपमा स्वीकार गरे । यो कथा पार्वतीको साधना, प्रेम र त्यागको प्रतीक हो, जसले संसारभरिका महिलाहरूलाई प्रेरित गर्दछ । शिव र पार्वतीको विवाहको कथा मात्र एक धार्मिक गाथा नभई गहिरो जीवनदर्शन पनि हो । पार्वतीले गरेको तपस्याले जीवनमा धैर्य, समर्पण र कर्मको महत्त्वलाई दर्शाउँछ । सच्चा प्रेम र आत्मिक साधनाले कुनै पनि असम्भवलाई सम्भव बनाउन सक्छ, उनै गौरीका उपासक नै शाक्त हुन् ।

देवीहरूको भूमिकालाई युग-परिवर्तनसँगै विश्लेषण गर्दा, आज तिनीहरूको महत्त्व र प्रभाव निरन्तर बढिरहेको देखिन्छ । प्राचीन युगमा शक्ति विशेष गरी युद्ध र पराक्रमको प्रतीकका रूपमा देवीहरूको पूजा गरिन्थ्यो भने आधुनिक समयमा उनीहरूको भूमिका शिक्षादान, नैतिकता र सृष्टिको सन्तुलनमा बढी केन्द्रित रहेको छ । आधुनिक युगमा महिलाहरूलाई देवीहरूको शक्ति स्वरूप मानिन्छ । तिनको शिक्षा, सशक्तिकरण, आर्थिक स्वतन्त्रता र समाजको प्रगतिमा ठूलो महत्त्व छ ।

देवीहरूको प्रतीकले नारीहरूलाई जीवनका हरेक

क्षेत्रमा आत्मनिर्भर र सक्षम बन्न प्रेरित गरेको छ । शाक्त सम्प्रदाय सनातन धर्मको एक प्रमुख सम्प्रदाय हो, जसमा देवीलाई सर्वोच्च शक्ति र सृष्टिको मूल मानिन्छ । यो सम्प्रदायमा देवीको उपासना केन्द्रमा रहन्छ । भगवती गौरी (पश्चिमतिर गौरा पनि भन्दछन)लाई नै समग्र ब्रह्माण्डको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा पूजिन्छ । शाक्त सम्प्रदायमा शक्ति नै सर्वोच्च तत्त्व हो र शक्ति देवीको विभिन्न रूपहरूद्वारा व्यक्त हुने गरेका छन्, जस्तै दुर्गा, काली, लक्ष्मी, सरस्वती आदि ।

शाक्त सम्प्रदायको जरा अत्यन्त पुरानो वैदिक साहित्य र सनातन धर्मका पुराण तथा उपनिषद्हरूसँग सम्बन्धित छ । यो सम्प्रदायको मूल वैदिक देवताहरूमा आधारित नभएर आदिम मातृदेवीहरूको उपासना प्रणालीसँग गाँसिएको छ । देवी सूक्त, तान्त्रिक ग्रन्थ र पुराणहरूमा शाक्त सम्प्रदायको महत्त्वपूर्ण उल्लेख पाइन्छ । प्राचीन कालमा, शक्ति उपासना तान्त्रिक साधना र योगमार्फत विशेष रूपमा गरिन्थ्यो । शाक्त सम्प्रदायको तत्त्वज्ञानले मातृशक्तिलाई सर्वोच्च मान्दछ, जहाँ महिलालाई आद्याशक्ति मानिन्छ । शाक्त सम्प्रदाय वैदिक सनातन दर्शन तथा सिद्धान्तमा आधारित छ, जसमा यन्त्र, मन्त्र र तन्त्रको प्रयोग गरेर देवीको उपासना गरिन्छ ।

देवीको विभिन्न रूपहरू

"या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः"

अर्थात् सम्पूर्ण चराचर जगतको शक्ति नै देवी हो, माहामाया, गौरी, दुर्गा, काली, लक्ष्मी, सरस्वती, त्रिपुर ासुन्दरी, कनकसुन्दरी, भुवनेश्वरी, पार्वती जे जे भनेर पुकारे पनि सम्पूर्ण शक्ति, सम्पूर्ण ऐश्वर्य र सम्पूर्ण ज्ञानको एक मात्र श्रोत नै भगवती गौरी हुन् । अर्थात भगवती गौरीको तीन वटा आयाम छन् जस्मा श्रीमहासरस्वती, श्रीमहालक्ष्मी र श्रीमहाकाली हुन् । लक्ष्मी समृद्धि र वैभवकी देवी हुन् भने दुर्गा शक्ति र साहसकी प्रतिमूर्ति हुन् । सरस्वतीले ज्ञान र विद्या प्रदान गर्छिन् । तीनै देवीहरू एकअर्काको पूरकका रूपमा छन् । लक्ष्मी विना सरस्वतीको विद्या अपूर्ण हुन्छ र गौरी विना ज्ञानको रक्षा असम्भव हुन्छ । तीनै देवीहरूको सन्तुलनले जीवनलाई सफल र सुदृढ बनाउन मद्दत गर्छ । यहि दैवीय सन्तुलन नै शाक्त सुत्र हो ।

शाक्त सुत्र



(श्रोतः लेखक)

सत्स्वरूपा श्रीसरस्वती

सनातन धर्मका अनुसार सरस्वती विद्या, ज्ञान, संगीत, कला र वाक्पटुताको देवीको रूपमा पूजिन्छिन् । वैदिक साहित्यमा उनलाई "सत्वरूपा भगवती सरस्वती" भनेर विशेषण गरिएको छ । "सत्वरूपा" भनेको सत्व गुणको प्रतिमूर्ति, अर्थात् पवित्रता, शुद्धता र सत्यको स्वरूप हो ।

सरस्वतीको वर्णन सर्वप्रथम ऋग्वेदमा पाइन्छ । ऋग्वेदको दशौं मण्डलमा उनीलाई एक शक्तिशाली देवीका रूपमा चित्रण गरिएको छ । सरस्वती नदीको रूपमा शुरु भए पनि पछि विद्या र ज्ञानको अधिष्ठात्री देवीका रूपमा प्रकट हुनु उनको प्रमुख विशेषता हो । "सत्वरूपा" भनेको उनी ज्ञानको शुद्ध रूप हुन् र यसले उनलाई अन्य देवता तथा देविहरूभन्दा विशेष बनाउँछ । सत्व गुण शुद्धता, ज्ञान र आनन्दको प्रतीक हो ।

सरस्वतीलाई "सत्वरूप" भनिनु उनी पूर्ण रूपले सत्व गुणले भरिपूर्ण छन् भन्ने संकेत गर्दछ । यसले उनलाई सृष्टिका रचयिता ब्रह्मासँग पनि जोड्छ, किनकि उनी ब्रह्माकी पत्नी र सहायक हुन् । सरस्वतीको भूमिका भनेको संसारलाई ज्ञान, कला र वाणी प्रदान गर्नु हो । उनको शक्ति विद्या र संगीतमा देखिन्छ, जुन सत्व गुणको प्रत्यक्ष अभिव्यक्ति हो । ब्रह्मा पुराणमा सरस्वतीलाई ब्रह्मासँग जोडेर संसारको सृष्टिका निम्ति महत्त्वपूर्ण भूमिका खेल्ने देवीको रूपमा चित्रण गरिएको छ ।

पैराणिक कथनहरूमा, उनले ब्रह्मालाई सृष्टिको ज्ञान प्रदान गरेको उल्लेख छ । "सत्वरूपा" भनिनुको कारण भनेको उनले सत्य र शुद्ध ज्ञानको प्रतीकता बोकेको हुनु हो ।

यसले शिक्षा, अनुसन्धान र आध्यात्मिक खोजमा सरस्वतीको महत्त्वलाई बल दिन्छ। विद्यार्थीहरूले सरस्वतीको पूजा परीक्षा अघि गर्नाले उनीबाट विद्या प्राप्त हुने विश्वास छ। यस कारण सरस्वती पूजा विद्यालय, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूमा विशेष महत्त्वको दिनको रूपमा मनाइन्छ।

रजस्वरूपा श्रीमहालक्ष्मी

सनातन धर्ममा लक्ष्मी देवीलाई धन, वैभव, सौभाग्य, ऐश्वर्य र सम्पन्नताको अधिष्ठात्री देवी मानिन्छ। उनी भगवान् विष्णुकी पत्नी हुन् र सृष्टिको पालनकर्तीका रूपमा चिनिन्छिन्। संस्कृत "रज" शब्दको अर्थ, वैदिक साहित्यमा शक्ति, सम्पत्ति र समृद्धिसँग सम्बन्धित छ। "रजस्वरूपा भगवती लक्ष्मी" को अर्थ हुन्छ, रजस् गुणको स्वरूप, जसले सक्रियता, कामना, इच्छाशक्ति र धनी जीवनको आकांक्षालाई प्रतिविम्बित गर्छ।

क्षीर सागर मन्थन गर्दा भगवती लक्ष्मी समुद्रबाट निस्किइन्, उनले विष्णुलाई आफ्नो पति रोजिन् र त्यसबेलादेखि विष्णुसँग सम्बन्ध स्थापित भएको देखिन्छ। त्यसैले लक्ष्मी समृद्धि र सम्पन्नताको स्रोत हुन्। उनी जहाँ छन्, त्यहाँ शेषासायी भगवान् विष्णुको कृपा हुन्छ। वेदान्त दर्शनमा "सृष्टि" तीन गुणहरू- सत्व, रजस् र तमस्‌द्वारा सञ्चालित छ। रजस् गुण गतिशीलता, शक्ति र सक्रियता हो। राजाको जस्तो गुण हो। लक्ष्मीलाई "रजस्वरूपा" भन्नुको अर्थ उनी रजस गुणको प्रतिरूप हुन्। रजस् गुण धन, शक्ति र वैभव प्राप्त गर्नको लागि प्रेरक शक्ति हो। यस गुणले व्यक्तिलाई संसारिक सफलताको लागि आकांक्षा गर्न प्रेरित गर्छ र लक्ष्मीले यसलाई प्रोत्साहन गर्छिन्। यसले व्यापार, कृषिका साथै धन र सम्पत्तिका स्रोतहरूको प्रबन्ध गर्न र प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

विष्णुपुराणमा लक्ष्मीलाई भगवान् विष्णुको शक्तिका रूपमा चित्रण गरिएको छ। विष्णुका सबै कार्यहरू लक्ष्मीको सहयोगबाट सम्भव छन्। भगवान् रामको कथा होस् वा भगवान् कृष्णको महाभारत, लक्ष्मी सधैँ विष्णुको साथमा रहन्छिन् र सृष्टि पालनको कार्यलाई सुचारू बनाउन मद्दत गर्छिन्।

सनातन धर्ममा चार पुरूषार्थहरू (धर्म, अर्थ, काम, मोक्ष) जीवनका मुख्य लक्ष्यहरू मानिन्छन्। लक्ष्मीलाई खासगरी "अर्थ" पुरूषार्थसँग जोडेर हेर्ने गरिन्छ। "अर्थ" भनेको धन, समृद्धि र भौतिक सम्पत्तिको प्रतीक हो, जसको प्राप्तीको लागि लक्ष्मीको कृपा महत्त्वपूर्ण मानिन्छ। रजस् गुणले यस पुरूषार्थलाई सक्रिय बनाउँछ र लक्ष्मीको पूजा संसारिक सफलता र प्रगतिको लागि प्रेरणादायक मानिन्छ। लक्ष्मी विना अर्थको प्राप्ति कठिन हुन्छ र यसैले उनी जीवनका चार प्रमुख लक्ष्यहरूमा केन्द्रीय स्थान लिन्छिन्।

दीपावली यो उपमहाद्वीपको सबभन्दा ठूलो चाड हो र यस दिन लक्ष्मीको पूजा विशेष रूपमा गरिन्छ। दीपावलीको समय घरघरमा दीप बालिन्छ, जसले अन्धकारलाई हटाउँछ र लक्ष्मीको आगमनको प्रतीक बनाउँछ। व्यापारीहरू विशेष गरी यस दिन आफ्नो खाता पुस्तकहरू नयाँ रूपमा शुरू गर्छन् र लक्ष्मीको पूजा गरेर सफल व्यापार र धनको आशीर्वाद माग्छन्। लक्ष्मी पूजा व्यवसायी, कृषक र अन्य पेशाहरूका लागि विशेष महत्त्वको दिन हो, किनकि यसले समृद्धि र सम्पन्नताको प्रारम्भिक समयको संकेत गर्दछ।

तमस्वरूपा श्रीमाहाकाली

हाम्रो सनातन धर्ममा महाकालीलाई अत्याधिक शक्तिशाली, भयावह र सबैभन्दा उग्र रूपमा पूजिने देवीको रूपमा मानिन्छ। उनी दुष्ट शक्तिहरूको विनाश गर्न र संसारमा सत्यको स्थापना गर्नका लागि प्रकट हुने देवी हुन्। महाकालीलाई "तमस्वरूपा" भनिन्छ, जसको अर्थ अन्धकार, विनाश र तमस् गुणको प्रतिरूप हो।

तमस् गुणलाई आलस्य, अज्ञानता, अन्धकार र विध्वंसको प्रतिनिधित्व मानिन्छ र महाकालीलाई यस तमस् गुणलाई नियन्त्रणमा राख्ने शक्ति मानिन्छ। उनी समय (काल) र मृत्यु (महा) की देवी हुन्, जसले संसारको सम्पूर्ण गति, विनाश र पुनःसृजनको नियन्त्रण गर्छिन्। जसले अन्धकारको नाश गर्दै विश्वमा नयाँ शुरूवातको सन्देश दिन्छिन्।

महाकालीको उत्पत्तिको कथा देवी महात्म्यमा पाइन्छ, जहाँ महिषासुर र चण्ड–मुण्ड जस्ता दुष्ट असुरहरूको विनाश गर्न महाकाली प्रकट हुने प्रसंग छ। जब माता गौरीले चण्ड-मुण्डलाई पराजित गर्न सकिनन्, तब उनले महाकालीको आफ्नो उग्र रूप धारण गरेर तिनीहरूको विनाश गरिन्। उनी कालो रूपमा प्रकट भएकी थिइन्, जसले तमस् गुणलाई प्रतिविम्बित गर्छ। उनको रूप भयानक र उग्र थियो, उनी हातमा खड्ग, खप्पर र रूद्राक्षको माला लिएर दुष्ट शक्तिहरूसँग लड्न तयार थिइन। महाकालीको यो उग्र

रूपले दुष्टता, अज्ञानता र तमस् गुणको सम्पूर्ण विनाश गर्ने संकेत गर्छ ।

तमस् गुण भनेको अन्धकार, आलस्य, अज्ञानता र विनाशको प्रतीक हो । यो गुण सृष्टिमा नकारात्मक प्रभाव ल्याउने कारक हो, जसले मानिसलाई अज्ञानता र अधर्मतिर लैजान्छ । जब यो गुण अत्याधिक हावी हुन्छ, त्यसबेला महाकाली तमस्वरूपा भएर प्रकट हुन्छिन् र सम्पूर्ण अन्धकारलाई नष्ट गर्छिन् । महाकालीको उग्र रूपले यस तमस् गुणको पराजय गरेर संसारमा सत्य, ज्ञान र प्रकाशको पुनःस्थापना गर्छ ।

तमस्वरूपा रूपले व्यक्तिलाई आफ्नो आन्तरिक अन्धकारसँग लड्न प्रेरणा दिन्छ, जसले उनलाई अज्ञानता र भयबाट मुक्ति दिलाउँछ । महाकालीको नाममा "काल" शब्द सामेल छ, जसको अर्थ समय हो । समयको नियन्त्रण महाकालीसँग छ, किनकि उनी स्वयं कालरूपा हुन् । उनी समयलाई रोक्न, अघि बढाउन र अन्त्य गर्न सक्षम छिन् । जब समयको चक्र पूरा हुन्छ, महाकाली तमस्वरूपा भएर विनाश गर्न आउँछिन् । यो विनाश मात्र बाह्य रूपमा नभई आन्तरिक रूपमा पनि हुन्छ, जहाँ मानिसको अज्ञानता र अहंकारको अन्त्य हुन्छ । यस प्रकार महाकालीले तमस् गुणलाई परास्त गरेर सृष्टिलाई नयाँ जीवन दिने काम गर्छिन् ।

महाकालीको रूप अत्यन्तै उग्र र भयावह हुन्छ । उनी चार हातले खड्ग, खप्पर र असुरको टाउको समातेर उभिएकी हुन्छिन् । उनको शरीरमा शमशानको रङ जस्तो कालो र नीलो हुन्छ र उनी रूद्राक्षको माला र हड्डीको हारले सजिएकी हुन्छिन् । उनको जिब्रो बाहिर निस्किएको हुन्छ, जुन उनको उग्र र शक्तिशाली रूपको प्रतीक हो । यो जिब्रोले अज्ञानता र अहंकारको अन्त्य गर्ने संकेत गर्छ । महाकालीको यो तमस्वरूपा रूपले सम्पूर्ण सृष्टिलाई भयमुक्त बनाउने उद्देश्य राख्छ, जहाँ दुष्टता र अन्धकारको कुनै स्थान हुँदैन ।

लक्ष्मी धन र समृद्धिकी प्रतीक हुन्, दुर्गा अर्थात् गौरी शक्ति र पराक्रमकी देवी हुन् र सरस्वती विद्या र ज्ञानकी देवी हुन् । लक्ष्मी विना विद्या अपूर्ण हुन्छ, किनकि जीवनमा विद्या र धन दुवैको आवश्यकता हुन्छ । तीनै देवीहरूको सन्तुलनले जीवनलाई सफल र सन्तुलित बनाउँछ । जहाँ लक्ष्मी भौतिक सम्पन्नताको प्रतीक हुन्, सरस्वतीले मानसिक समृद्धि प्रदान गर्छिन् र दुर्गाले शक्ति र साहस प्रदान गर्छिन् ।

शाक्त सम्प्रदायको साधना र उपासना विधि

शाक्त सम्प्रदायको साधनामा तन्त्र, मन्त्र र यन्त्रहरूको ठूलो महत्त्व छ । तान्त्रिक साधकहरू देवीलाई प्रसन्न गर्न विशेष मन्त्रहरू, ध्यान र यन्त्रहरूको प्रयोग गर्छन् । साधकहरूले तन्त्रमार्फत शक्ति जागरणको अभ्यास गर्छन्, जसमा कुण्डलिनी शक्ति जागृत गरी आत्मसाक्षात्कारको मार्गमा अघि बढ्न सकिन्छ । शाक्त सम्प्रदायमा तान्त्रिक साधनाको विशेष महत्त्व छ । तान्त्रिक साधनामा विशेष रूपमा शक्ति जागरणको प्रयास गरिन्छ, जसले साधकलाई आत्मज्ञान र मोक्षको मार्गमा लैजान्छ, यस साधनामा मन्त्र, ध्यान, यन्त्र र हवनको प्रयोग गरिन्छ । तान्त्रिक उपासनामा देवीको निराकार वा साकार रूपमा ध्यान केन्द्रित हुन्छ । शाक्त सम्प्रदायमा कुण्डलिनी शक्ति जगाउने विधिलाई अत्यन्त महत्त्वपूर्ण मानिन्छ । कुण्डलिनी शक्ति हाम्रो शरीरको आधारमा सुतेको ऊर्जा हो, जसलाई जागृत गरिँदा हामीमा आध्यात्मिक चेतना उत्पन्न हुन्छ । यस साधनामा योग र ध्यानको प्रयोग गरेर शरीरको विभिन्न चक्रहरूलाई सक्रिय गरिन्छ ।

निष्कर्ष

तीन गुण सत, रज, तम नै सृष्टि स्थिति र प्रलयका गुण हुन् । यी तीनै गुणका प्राकृतिक ऊर्जा नै माहामाया गौरी हुन्, ब्रह्मा बिष्णु र महेशका शक्ति ऊर्जा हुन् । यहि ऊर्जा नै शाक्त सम्प्रदायको आराध्य देवी हुन् । यिनैका तीन भेद सरस्वती, लक्ष्मी र महाकाली हुन् ।

शाक्त सम्प्रदाय सनातन धर्मको एउटा महत्त्वपूर्ण सम्प्रदाय हो, जसमा शक्ति वा देवीलाई सर्वोच्च मानिन्छ । तान्त्रिक उपासना, कुण्डलिनी जागरण र देवीको विभिन्न रूपहरूको पूजा यसको प्रमुख विशेषताहरू हुन् । यस सम्प्रदायले ब्रह्माण्डीय शक्तिको महत्त्वलाई स्वीकार्छ र तिनको उपासनामार्फत आत्मज्ञान र मोक्ष प्राप्त गर्न प्रेरित गर्दछ । सृष्टि, स्थिति, प्रलय, निग्रह र अवग्रह पाँच तत्त्वका अधिपति नै भगवान् श्रीपशुपतिनाथ भएकाले यी पाँचै तत्त्वको अधिपति माहामाया गौरी हुन् । विजया दशमी २०८१ को पावन अवसरमा माहामाया गौरीले हामी सबैको कल्याण गरून् ।❖

-इमाडोल, ललितपुर

दशैं :
टीकाको साइत

यस वर्षको दशैंको टिकाको साइत सार्वजनिक भएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको बडादशैंको टिका लगायत विभिन्न साइतहरूको असोज ४ गते नै सार्वजनिक गरेको हो ।

समितिले सार्वजनिक गरेको दशैंको साइत अनुसार असोज २१ गते बिहीबार बिहान ११ बजेर ४६ मिनेटमा घटस्थापनाको साइत रहेको छ । त्यसैगरी असोज २२ गते शुक्रबार झण्डा फेर्ने साइत ११ बजेर ५६ मिनेटमा रहेको छ भने असोज २५ गते सोमबार पचली भैरव यात्रा, असोज २६ गते मङ्गलबार फूलपाती परेको छ ।

फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ । तुलजा भवानी यात्राको साइत बिहान ७ बजेर ११ मिनेटमा रहेको छ । त्यस्तै असोज २७ गते बुधबार महाअष्टमी र त्यसै राति कालरात्रिको पूजा गर्नुपर्ने समेत पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

त्यसैगरि पञ्चाङ्ग समितिका अनुसार असोज २८ गते बिहीबार महानवमी र असोज २९ गते शुक्रबार विजयादशमी पर्व परेको छ । घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई २९ गते बिहान ८ बजेर १९ मिनेटमा विसर्जन गरिने साइत छ । विजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि भने बिहान १० बजेर २ मिनेटको साइत शुभ रहेको छ । टीका लगाउने मानिस पूर्व फर्कनुपर्ने समितिले जनाएको छ । विजया दशमीको दिन शुभ साइतमा घरपरिवारका सदस्यहरू बीच टीका लगाइने भए पनि अन्य आफन्त एवम् इष्टमित्रसँग भने कोजाग्रत पूर्णिमासम्म दुर्गा भवानीको प्रसाद लगाउने परम्परा रहेको छ । ❖

गौरी तिम्रो प्रतीक्षा.....

-सुमित्रा चौलागाई

गौरी तिम्रो प्रतीक्षा
प्रत्येक महिना रहन्छ ।
तिमी के के लिएर आउँदै छौ ?
तिमी कस्ती भएकी छौ ?
त्यो सबै हेर्ने इच्छा रहन्छ ।
गौरी तिम्रो प्रतीक्षा
प्रत्येक महिना रहन्छ ।

मेरो मनमा भएका कयौं अनुत्तरित प्रश्नहरूमा
तिमीले नै पुर्णबिराम लगाइदिएकी छौ ।
भक्त, कवी, सर्जक अनि श्रष्टालाई मात्र होइन
दिन, दुःखी असहायलाई पनि
आफु भित्र स्थान दिएकी छौ ।
यो महिना
आफूमा के के समाहित गरेर आउँदै छ्यौ ?
त्यो हेर्ने इच्छा रहन्छ ।
गौरी तिम्रो प्रतीक्षा
प्रत्येक महिना रहन्छ ।

भोलेबाबा, गौरी आमा, कृष्ण अर्जुनको
सुन्दर आख्यान हौ तिमी ।
सीताराम, राधाकृष्णको
प्रेमिल प्रसङ्ग पनि हौ ।
भगिरथले धर्तिमा पितृ उद्धारका लागि
भागिरथी गङ्गा बगाएका थिए ।

तिमीले त हाम्रो मनको हरेक तापबाट बचाउने
भक्ति गङ्गा बगाएकी छौ ।
यो महिना तिमी कसरी सजिएकी छौ ?
त्यो हेर्ने इच्छा रहन्छ ।
गौरी तिम्रो प्रतीक्षा
प्रत्येक महिना रहन्छ ।❖

-श्रीमानव कल्याण समाज, भक्तपुर

"गौरी" सनातन धर्मको २० वर्षे मुखपत्र

– भागवतश्री न्यौपाने

अक्षर, शब्द र ध्वनि यि तीनै कुराले ब्रह्माण्डसँग गहिरो सम्बन्ध राखेका हुन्छन् । हरेक अक्षरमा एक शक्ति निहित हुन्छ र जब यी अक्षरहरूले शब्दहरूको रूप लिन्छन्, तब ती शब्दहरू मन्त्रको रूपमा परिवर्तित हुन्छन् । जसरी एउटा अक्षर मन्त्रको रूपमा बनेको हुन्छ, त्यसैगरी शब्दहरू पनि मन्त्रस्वरूप भई सृष्टि रचनाको आधारको रूप लिन्छन् । किनकी हरेक शब्दको उच्चारणमा ध्वनिको आवर्तन र परावर्तन हुन्छ ।

शब्द नै ब्रह्म हो । शब्दहरूलाई सृष्टिको मूल आधार मानिन्छ, किनभने सृष्टिको आरम्भ नै ध्वनिबाट भएको विश्वास गरिन्छ । शब्द लेख्य र कथ्य हुन्छ । गौरी पत्रिकाले लेख्य शब्दहरूको माध्यमद्वारा पाठकहरूको माझ ज्ञानको आलोक फैलाइरहेको छ । जब हामी शब्दहरूको माध्यमबाट कसैलाई ज्ञान दिन्छौं, हामी देवी सरस्वतीको आराधना गरिरहेका हुन्छौं ।

नेपालको धार्मिक, सांस्कृतिक र आध्यात्मिक क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्ने 'गौरी' मासिक पत्रिका, निरन्तर बीस वर्षदेखि प्रकाशन हुँदैआएको एकमात्र धार्मिक पत्रिका हो । यसले वैदिक सनातन धर्म, परम्परा, संस्कार, इतिहास र अध्यात्मका विविध पक्षलाई समेट्दै आएको छ । यस वर्ष 'गौरी' पत्रिकाले आफ्नो बीसौं वार्षिकोत्सव मनाउँदै छ, जुन विजयादशमी पर्वसँग मेल खानु पनि एउटा महत्त्वपूर्ण संयोग हो । देवी, शक्ति र अध्यात्मको उपासना गर्ने आश्विन महिना शक्ति र भक्ति दुबैको संयोजन हो । शब्दमा नै शक्ति र शब्दमै भक्ति लुकेको हुन्छ । गौरीले अनवरतरूपमा शब्द शक्ति र ईश्वर भक्ति, दुबै पथको यात्रा गरिरहेको छ ।

विगत २० वर्षदेखि यही उद्देश्यलाई आत्मसात् गर्दै गौरीले केवल शब्दहरूको माध्यमबाट जानकारी मात्र प्रदान नगरी जीवनका विविध पक्षमा उज्यालो छर्ने ज्ञानको स्रोत पनि बनिरहेको छ । नेपाली समाजमा धार्मिक, सांस्कृतिक र आध्यात्मिक चेतनाको प्रवर्धन गर्न यस पत्रिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । साहित्य र अध्यात्मको संगम 'गौरी' प्रत्येक महिना पाठकहरूलाई ज्ञानको अमृत प्रदान गर्दै नेपाली समाजलाई सकारात्मक र सुसंस्कृत बनाउने दिशामा नेतृत्वदायी भूमिकामा देखिएको छ ।

हिन्दु धर्ममा देवी र शक्तिको महत्त्व गहन छ । देवीहरूको उपासनामा नवदुर्गालाई शक्ति र साहसको प्रतीकको रूपमा लिइन्छ । नवदुर्गा जस्तै गौरी पनि शक्तिस्वरूपा नै हुन्, जसले शिवसँग अर्धनारीश्वरको रूपमा संयुक्त भएर सम्पूर्ण सृष्टि सञ्चालनमा मुख्य भूमिका खेल्छिन् । गौरी अर्थात पार्वती, शिवकी शक्ति हुन्, जो सृष्टि, स्थिति र प्रलयको कारक मानिन्छिन् । शक्ति तत्त्वको यो व्यापकताले हिन्दु धर्मको सम्पूर्ण आयाममा गहिरो प्रभाव पारेको छ ।

देवीको उपासना र शक्ति तत्व

देवीलाई शक्ति, करूणा, ममता र सृष्टिको आधार मानिन्छ । हिन्दु परम्परामा गौरीलाई नारी शक्ति, साधना र भक्ति स्वरूपा मानिन्छ । उनी आद्याशक्ति हुन् जसले सम्पूर्ण ब्रह्माण्डलाई आफ्नो कृपाले सन्तुलनमा राख्दछिन् । असोज–कात्तिक महिनामा विशेषगरी देवीको उपासना गरिन्छ, जसले हामीलाई साहस, धैर्यता र आत्मविश्वास प्रदान गर्दछ । देवी उपासना आत्मिक शुद्धिकरणको महत्त्वपूर्ण माध्यम हो । यसैगरी हिन्दु धर्मशास्त्रका अनुसार शक्ति तत्त्वलाई निरन्तर जागृत राख्न देवीको नै आराधना गर्नुपर्दछ । देवी महात्म्य र दुर्गासप्तशतीजस्ता ग्रन्थहरूमा शक्ति उपासनाको महिमा व्यक्त गरिएको छ । दुर्गासप्तशतीमा भनिएको छः

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

अर्थात्, जो देवी सबै प्राणीमा शक्ति स्वरूपमा विद्यमान छिन्, ती देवीलाई नमन गर्दछु । देवी बाह्य शक्ति मात्र नभई आत्मबलको पनि प्रतीक पनि हुन् । यो शक्ति हरेक मानवभित्र छ र साधनाद्वारा यसलाई प्रकट गर्न सकिन्छ । यसैगरी सर्वं खल्विदं ब्रह्म भनेर यो सम्पूर्ण सृष्टिलाई नै ब्रह्म मानेको छ । यो सम्पूर्ण सृष्टि नै ब्रह्म हो । यही ब्रह्मलाई हामी देवीको रूपमा आराधना गर्छौं । यो आद्याशक्ति नै सबै प्राणीहरूको जीवन शक्ति हो, जसले

सृष्टि सञ्चालन गर्छिन् ।

विजयादशमीको पर्वमा देवी दुर्गाको विशेष पूजा गरिन्छ, जसले दुष्ट शक्तिहरूको नाश गरी सत्य र धर्मको रक्षा गर्छिन् । यस महिनालाई विशेषगरी नवरात्रिको पर्वको रूपमा मनाइन्छ, जहाँ दुर्गा देवीको नवरूपमा पूजा गरिन्छ । यो पर्वमा भक्तजनहरूले नौ दिनसम्म देवीको आह्वान गर्दै उनको विभिन्न स्वरूपहरूको आराधना गर्छन् । नवरात्रि देवीको शक्ति तत्त्वको उपासना गरी मानिसहरूमा आफ्नो आन्तरिक शक्तिको जागरण, नकारात्मकताको नाश र आत्मशुद्धिको प्रयास गर्ने समय पनि हो । यो साधनाले आध्यात्मिक उन्नति, साहस र आत्मबलको योग गराउँछ, जसले मानिसलाई जीवनको कठिनाइहरूसँग लड्ने साहस प्रदान गर्छ । विजयादशमी हिन्दु संस्कृतिमा विजय र धर्मको प्रतीक हो, जहाँ असत्य माथि सत्यको विजयको उत्सव मनाइन्छ ।

वैदिक सनातन धर्मको संरक्षणमा 'गौरी' पत्रिका

'गौरी' पत्रिकाले आफ्नो २० वर्षको यात्रामा वैदिक सनातन धर्मको प्रचारप्रसार र संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएको छ । धर्म, संस्कार र आध्यात्मिक चेतनाको प्रसारका लागि यो पत्रिका एक महत्त्वपूर्ण स्रोत बनेको छ । यसले धर्मका सिद्धान्त, पुराणका कथा र जीवनदर्शनलाई जनमानसमा फैलाएर धार्मिक आस्था बलियो बनाउन मद्दत पुऱ्याएको छ । पाठकहरूले यस पत्रिकाबाट वैदिक ज्ञान, उपनिषद्, पुराण, महाभारत, रामायण लगायतका धार्मिक ग्रन्थहरू, तिनका विषयवस्तु, पात्र तथा घटना, परिवेश एवम् प्रभावका बारेमा गहिरो अध्ययन गर्न पाउँछन् ।

धार्मिक आध्यात्मिक साहित्यको रूपमा 'गौरी'ले यस दर्शनलाई आत्मसात गर्दै धार्मिक आस्थाको संरक्षण र सनातन धर्मको प्रचारमा निरन्तर लागिरहेको छ । यो धार्मिक पत्रिका मात्र नभई नेपाली समाजमा आध्यात्मिक जागरण ल्याउने महत्त्वपूर्ण माध्यम बनेको छ । 'गौरी' पत्रिकाको अध्ययनले पाठकहरूमा धार्मिक चेतनाको जागरण गराउने मात्र नभई उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने काम गरेको छ ।

"गौरी" को योगदान

छापाखानाबाट निस्कने अनेक प्रकाशनहरूको भीडमा गौरी पत्रिका आध्यात्मिक चिन्तन र धार्मिक आस्थालाई नयाँ पुस्तासम्म पुऱ्याउने सेतु बनेको छ । यो पत्रिकाले वैदिक सनातन धर्मलाई समाजमा स्थापित गराउन र यसको गहिराई बुझाउन पाठकहरूमा योगदान पुऱ्याएको छ । पत्रिकामा प्रकाशित लेखहरूमा धर्म, दर्शन, संस्कार, संस्कृति र परम्पराका साथै जीवनप्रति सकारात्मक दृष्टिकोणका विषयमा पत्रिकाले गहन विवेचना पस्किदै मानिसहरूलाइ आफ्नो धार्मिक आस्था र सांस्कृतिक झुकाव बलियो बनाइराख्न महत्त्वपूर्ण योगदान गरेको छ ।

गौरी पत्रिका एक प्रकाशन मात्र होइन, यो एक धरोहर हो, जसले वैदिक सनातन धर्मको मर्मलाई आत्मसात् गरेर पाठकहरूलाई सुसंस्कृत, आध्यात्मिक र धार्मिक जीवन जिउन प्रेरित गरिरहेको छ । यस पत्रिकाले वैदिक धर्मको ज्ञान, परम्परा र जीवन मूल्यलाई अगाडि बढाउन निर्वाह गरेको भूमिकालाई पाठकहरूले उच्च मूल्यांकन गरेका छन् । यति मात्र नभई गौरी वैदिक सनातन धर्मको संरक्षण, प्रचार र संवर्धनमा समर्पित रही शक्ति र साधनाको प्रतीकको रूपमा रहेको छ । नेपाली समाजमा धार्मिक आस्था जागृत गर्न र परम्परागत उचित मूल्यहरूको पुनर्स्थापना र पुनर्जागरण गर्न एक्लो सारथीको रूपमा अघी बढिरहेको कुरालाई नकार्न सकिन्न ।

देवी, शक्ति र साधनाको संयोगले यसै महिना जन्मिएको यो पत्रिका, वैदिक धर्मका सनातन परम्परा र संस्कारहरूलाई विद्वान् लेखकका लेखहरूमार्फत नयाँ पुस्तासम्म पुऱ्याउने सेतुको रूपमा पाठकहरूले स्वीकार गरेका छन् । हरेक व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्ने सशक्त लेख रचनाहरूले गौरी गौरव गर्न योग्य बनेको छ । हरेक शब्द र ध्वनि जब शुद्ध मनबाट निस्किएर एक एक अक्षरहरू जोडिदै शब्द बन्छ र ती शब्द वाक्य बन्छन्, त्यो वाक्य मानिसको विचारको लागि शक्तिशाली ऊर्जा बन्न पुग्दछ यसैले, 'गौरी' ले शब्दहरूको जाल मात्र बुनिरहेको छैन, बरू पाठकहरूको जीवनमा ज्ञान र चेतनाको प्रकाश फैलाइरहेको छ । शब्द शक्ति नै गौरीको ऊर्जा हो । यही नै देवी सरस्वतीको सच्चा आराधना हो । वैदिक साहित्य, लेख, रचनाहरू नै यसका अवयबहरू हुन् । यो एउटा पत्रिका मात्र होइन, धर्म, संस्कृति, परम्परा र इतिहासको कहिल्यै नसुक्ने त्रिवेणी हो । यस अविचलित, अथक, एक्लो सारथी गौरी आध्यात्मिक साहित्यलाई बीसौ वर्ष प्रवेशको अनेकानेक शुभकामना !❖

–सेतोपुल

गौरीलाई आँखा लगाउँदा...

-हिमालय गौतम

जगत् त एकै छ, सदा एकै रहन्छ । तर पनि दृष्टिकोण दुई छ, एक भौतिक जगत् र अर्को अध्यात्म जगत् । भौतिक दृष्य जगत् स्वत प्रकाशित छ, यो सबैको सहज अनुभवको विषय हो । तर अध्यात्म जगत्को चुरो भेट्न बडो मुस्किल पर्छ । हिजो भौतिक जगत् अत्यन्त ठूलो रूपमा थियो, आजका विभिन्न आयामले गर्दा साँघुरो हुन पुगेको छ । कैयन् विषयको ज्ञान एकै थलोमा बसेर जान्न/बुझ्न सकिन्छ हिजोआज । तर अध्यात्म जगत्लाई प्रकाश पार्न, उजागर गर्न यावत् आयमहरू आज पनि न्यूनरूपमा मात्रै प्रयोग भएको पाइन्छ । गृहस्थ जीवनका सर्वसाधारणका लागि चेतना प्रदान गर्ने एउटा पनि गहकिलो पत्रिका बजारमा नदेखिनुको कारण खोतल्नु पर्ने अवस्था छ । यहाँ गौरी मासिक अपवादका रूपमा एक्लो बृहस्पति भैं उभिएको भान हुन्छ ।

बजारभरि विभिन्न विषयका थुप्रै पुस्तक पत्रिका छ्याप्छ्याप्ति देखिन्छन् । देशमा तहतहका पत्रपत्रिका छन्, भ्याएसम्म सबै विषय ओगट्छन्, तर पनि अध्यात्म जगत्का लेख/रचना देख्न, पढ्न मुश्किलै पर्छ । जुन विषयले अन्यलाई पृष्ठपोषण गर्छ उसैलाई ओझेलमा राखेर समाज कुवाको भ्यागुतो मैं बुरुकबुरुक गरिरहेछ । जसले सृष्टि उत्पन्न गर्‍यो, जसले समाज बन्न/बनाउन प्रेरित गर्‍यो, उसैलाई ढाकेर नानाथरी विषय प्रपञ्चको नौटङ्की यत्रतत्र देखिन्छ ।

हिजो सिङ्गो जगत्मा शिक्षा/दीक्षाका रूपमा एकमेव अध्यात्मकै विषय परिचालित हुन्थे । अध्यात्म अन्तर्गत संसारिक सबै विषय ओगटिन्थ्यो । कुनै पनि विषय वा प्रसङ्गलाई अध्यात्मसँग जोडेर तर्क हुन्थे र निर्क्योल निकालिन्थ्यो । अतः अध्यात्म चौतर्फि रूपमा व्याप्त थियो । शास्त्र, ग्रन्थ, संहिता, पुराण तथा उपनिषदादि कै चर्चा हुन्थे । जगत् गुरुकुलमय थियो । गुरु र शिष्यको तादाम्य थियो । योग्य गुरुले शिष्यहरूलाई शिक्षा/दीक्षा दिने मात्र नभई समाजलाई न्यायोचित रूपमा डोर्‍याएका थिए । गुरु सम्माननीय थिए । आजका कथित मास्टर वा शिक्षक जस्तो पक्कै होइनन् । त्यसैले सनातन समाजले आजपर्यन्त त्यस्ता योग्य गुरुहरूलाई सम्झिरहेछन् ।

प्रकाशन आफैंमा एउटा गहन विषय हो । त्यस माथि पत्रिका जस्तो निरन्तर निकाली रहनुपर्ने माध्यमलाई व्यवस्थित गर्नु आफैंमा एउटा चुनौति पनि हो । पत्रिका स्तरीय हुनका निम्ति थुप्रै कुरा मिल्नुपर्छ । पहिलो कुरा त दृष्टिकोण सही हुनैपर्छ; उद्देश्य निर्विकार र स्पष्ट हुनैपर्छ । पत्रिकाले भ्याएसम्म हरेक अङ्कमा आफ्नो आशयलाई पुष्टि गर्नैपर्छ । हिजो कुनैबेला यस्तो समय थियो, जहाँ सीमित साधन स्रोतले गर्दा जे थियो त्यसैमा सन्तुष्ट हुनुपर्ने अवस्था थियो । तर आज भौतिक विज्ञानको प्रगतिसँगै विभिन्न साधन स्रोतहरू खुल्दै गए । आश्चर्य नै भन्नुपर्छ जति साधन स्रोत बढ्दै गए, मानिसको रहरहरू पनि उति नै बढ्दै गए ।

सनातन धर्म संस्कृतिका सौन्दर्यशास्त्रको व्याख्या त आज पनि सौन्दर्यमय भएर रहेको सर्वविदितै छ । सौन्दर्यको कुरा हरेक विषयमा लागू हुन्छ । प्रकाशन र प्रचार प्रसारमा त यसको झनै महत्त्व रहेको देखिन्छ । कुनै पनि पुस्तक वा पत्रपत्रिका विशेष गरी सान्दर्भिक विषयले आकर्षण गर्छ नै, तर त्यसमा साजसज्जाले जुन गहकिलो छाप छोड्छ, त्यसको छुट्टै महत्त्व हुन्छ । अतः गौरी अब युवाहरू माझ आकर्षक रूपमा प्रस्तुत हुनैपर्छ ।

कुनै पनि कार्य सही ढङ्गले सम्पन्न गर्न दृष्टिकोणको आवश्यकता पर्छ । सही दृष्टिकोण भए अवश्य सफलता प्राप्त हुन्छ, भलै सोचेको समयको आंकलन फरक पर्ला तर सफलतापूर्व सम्पन्न हुनेमा दुईमत हुँदैन । लगनशीलता र धीरता पनि अत्यन्त आवश्यक हुन्छ भनिन्छ । तर सही दृष्टिकोण छ भने यी दुबैसँगै आउँछन् । अध्यात्म जगत्लाई उजागर गर्ने अन्य पत्रिकाको अभाव बजारमा खड्किएको अवस्थामा बीसौं वर्षदेखि निरन्तर रूपमा अध्यात्म जगत्लाई प्रकाश पार्दै अघि बढेको एउटा मासिक

पत्रिका हो गौरी । गौरीले अध्यात्मका उच्चकोटीका साधक, विज्ञादिका अनुभवलाई खोजी खोजी पस्कनु पर्छ, किनकि बजारमा देखिएका अधिकांश पुस्तक भ्रमोत्तेजक छन् ।

अध्यात्मको अर्थमूलक, जीवनोपयोगी तथा कल्याणकारक उपदेशीय सङ्ग्रह जसोतसो आजपर्यन्त पुस्तकाकार रूपमा बजारमा देखिएको छ । तर अधिकांश प्रकाशनहरू मिथ्या सावित भए किनकि प्रायः सबै मुखाकृति झल्काउने मात्रै भैदिए । प्रकाशनका अन्य आयाममध्ये पत्रिका सर्वाधिक रूचाइएको प्रकाशन हो समाजमा । नेपालको सन्दर्भमा अध्यात्म जगत्लाई प्रसार गर्ने पत्रिका नगन्य मात्रामा देखा परेका छन् । हालसम्म बजारमा प्रष्ट देखिएको दुई वा तीनभन्दा बढी छैनन् सायद, त्यो पनि कुनै त साम्प्रदायिक स्वरूपमा । जस्तोसुकै स्वरूप र अवस्थामा किन नहोस् सबै विषय समेटेर खुलेर बजारमा देखिएको एकमात्र पत्रिका सायद गौरी मासिक नै हुनुपर्छ । सँगैको छिमेकी राष्ट्र भारतमा भने अनगिन्ती रूपमा अध्यात्मका पत्रपत्रिका देखिन्छ । अझ त्यहाँका खण्ड राज्यका आ-आफ्नै भाषामा समेत थुप्रै पत्रिकाहरू मज्जाले प्रकाशित भएको पाइन्छ । यता नेपालमा केही हदसम्म सत्सङ्ग केन्द्रहरूका आफ्नै सानो दायरामा मझौला आकारका पत्रिकाहरू निस्किएको भएतापनि ती सबै सदस्यहरू माझ मात्र सीमित रहन पुगे, बजारमा खुलेर आउनै सकेनन् । यही खड्किँदो अवस्थामा गौरी मासिक धरहरा झैं उभिएको देख्छु म ।

आफ्नै कुरो

मैले चिनजान गर्दा यो पत्रिका झण्डै बाह-तेह्र वर्षको भइसकेको रहेछ । नेपालमा एउटा गतिलो, रहर लाग्दो, आकर्षक र स्तरीय धार्मिक पत्रिका निस्कनु पर्छ, निकाल्छु भन्ने हुटहुटीले नै म हान्निएर यस पत्रिकाको कार्यालयमा पुगें । पत्रिकाका प्रकाशक/सम्पादकसँग भेट भयो, भेट मिलनमा बदलियो, केही वार्तालाप पनि भए, तर सोचेजस्तो टुङ्गोमा पुगिएन । गौरीले देखाएको सदाशयता, विचारको मूल्याङ्कन तथा कठिन परिस्थितिका बाबजुद अघि बढ्दै गर्दाको अवस्था सबै देखियो । अब गौरी एक्लै छैन, समाजमा गौरीको स्थान आवश्यक रूपमा देखा परेको छ । जिम्मेदारी काँधमा बोक्नैपर्छ भनेर थोपर्न जान्ने समाजले जिम्मेवारी बोक्न कस्सिएका बेला पछाडिबाट धाप दिन पनि जान्नै पर्छ, सहायता र हौसला दिनैपर्छ । गौरीलाई सहज र सुलभ बनाउन तथा बजारमा खुलेर आउन दिन समाजले केही न केही गर्नेपर्छ । भएको बीउ पनि मासिएपछि सदाका लागि बन्द हुने अवस्थामा पुग्छ, यसमा समाजको अहम् भूमिका छ/हुन्छ ।

धर्म र अध्यात्मका विषय अवकाश जीवन बिताउने मेलोमेसो मात्रै हो भन्ने हिजोका कथित बुझाइले आजका युवालाई दैविकरूपले अनुशासित गर्ने गहन विषयबाट पन्छाएर भौतिकतामा चुर्लुम्म डुबाई दिए । अब यस्ता अर्घेलो सोचबाट मुक्त भएर देशका हरेक नागरिकलाई शैशवकालदेखि नै अध्यात्मको शिक्षा दिनु जरूरी भइसकेको छ । गौरी मासिक अब बीस वर्षको भयो; लक्का जवान । हिजो बडो कष्टले ताते गर्दै सरेको यो पत्रिकाले कैयन् कष्टहरू झेले पनि अब आफू जस्तै यो मुलुकको लक्का जवानलाई धर्म र अध्यात्म बुझाउन अग्रसर हुनैपर्छ । आगामी अङ्कहरूले नवदुलाहा झैं सिङ्गारिएर देशका होनाहार नवजवानहरूलाई आकर्षित गरोस् । देशका युवा धर्ममय भएर जुर्मुराउन् । यसका लागि युवाहरूका निमित्त भौतिक विज्ञान के कसरी अध्यात्मभित्रको पाटो हो; अध्यात्म र विज्ञानको सम्बन्ध कति अन्योन्याश्रित छ भन्ने खालका खुराक खोजी खोजी पस्किनै पर्छ ।

आजका भौतिक विज्ञान जतिसुकै घरमा पुगे पनि भौतिक वस्तुपरकको विश्लेषणबाट नाघेर माथि पुग्नै सक्दैन तर अध्यात्मको महाविज्ञान भौतिक तत्त्वलाई पनि छेडेर ज्ञानको रहस्य उजागर गर्दै मोक्षसम्म पुग्छ/पुऱ्याउँछ । गौरीले अब आफूलाई रूपान्तरण गर्नैपर्छ । सजिएर, ठाँटिएर जवानहरूसँग काँधमा काँध मिलाउनै पर्छ । आजका युवाहरू अध्यात्ममय भए अर्को बीस वर्षमा मुलुकको मुहार अवश्य फेरिनेछ । गौरीलाई आँखा लगाएँ, अरू कसैको आँखा नलागोस् । गौरी मासिकलाई माता गौरीले गज्जबको आशीर्वाद दिउन्, गौरी गर्जेर देखा परून् । हृदयभरिको शुभकामना !

गम्कियोस् गर्जियोस् एक्लै बजारभरी, देखियुन् विषय नानाथरी पानाभरी ।

अब आउन् गौरी नयाँ मुहार बोकेर, मुलुकको कोशेढुङ्गो सावित हुने गरी ॥❖

जावलाखेल, ललितपुर

श्रद्धा र विश्वासको आधार



-आचार्य ढुण्ढिराज न्यौपाने

हिरण्याक्षको वंशज दुर्गम नामको दानव देवताहरूमाथि विजय कसरी सम्भव छ भनी धेरै समय लगाएर सोच्यो र अन्त्यमा यी देवताहरूको तागत अपौरुषेय वेद रहेछ भनी बुझेर हजार वर्षसम्म ब्रह्माजीको तपस्या गऱ्यो । त्यस दानवको तपस्याबाट खुशी भएका ब्रह्माजीले उसलाई वरदान माग भन्नुभयो । दुर्गमले वेद मलाई प्राप्त होस् भनी माग्यो । ब्रह्माजीले तिम्रो इच्छा पूरा हुने छ भनी वर दिनुभयो । तत्पश्चात सारा ब्राह्मणहरू तेजहीन बने ।

उनीहरूले जानेको वेद पनि बिर्सिए । श्राद्ध, नित्यकर्म, यज्ञ, जप, तप, तर्पण इत्यादि वैदिक कार्यहरू अलप निष्प्राण भए । पृथ्वीमा अनिष्ट भयो । यज्ञ यज्ञादिको अभावमा देवताहरू पनि भोकै बन्न थाले । प्राणीहरूका मृत्यु हुन लाग्यो । पृथ्वीमा वर्षा बन्द भयो । यो अनिष्ठबाट डराएका देवताहरू गुफा र कन्दरामा प्रवेश गरी माता भूवनेश्वरीको आराधना गर्न थाले र केही बाँकी रहेन । कर्मठ ब्राह्मणहरू माता भगवतीको उपासना गर्न हिमालयमा गई स्तुति गर्न लागे ।

हे माता ! दुष्ट दुर्गमले हामीलाई धेरै दुःख दियो । हामीलाई रक्षा गर्ने हजुरभन्दा अर्को कोही छैन, हामीले वैदिक अनुष्ठान (यज्ञ) गर्न नसक्दा देवताहरूले पनि दुःख भोग्नु परेको छ । हे भुवनेश्वरी ! हाम्रो उद्धार गर्नुहोस् । हामी जस्तै भए पनि तपाईंकै सन्तान हौं । यो दुष्ट दानवबाट हाम्रो रक्षा गर्नुहोस् भनी माताको पुकार गर्न थाले । यस प्रकार ब्राह्मणहरूका स्तुति र देवताहरूका पुकार सुनेर माता भूवनेश्वरीको अनन्त आँखाबाट अश्रुप्रवाह हुन थाल्यो । जसको शिर उच्च, नीलकमल समान नयन, फराकिलो (चौडा) वक्षस्थल, वरबाहुलीमा बाँण तथा कमलपुष्पले सुशोभिता जसमा भोग-प्यास जरा आदि नाश गर्ने सामर्थ्य रहेको छ । सागपात वनस्पति आदि खाद्य पदार्थको उत्पत्तिले माताको हस्तकमल सुशोभित बनेको थियो । जसका साथमा दिव्यफलफूलहरू पनि रहेका थिए ।

जगत् जननी माता भूवनेश्वरीको करूणामय हृदय पग्लिएर अनेकौं नयनबाट नौ दिनसम्म अनवरत नयन जलको रूपमा वर्षा गराउनु भयो । सो वर्षाबाट हरियाली बढी सारा संसार र प्राणी तृप्तिपूर्वक आनन्दले विभोर हुँदै भगवती शाकम्भरीको जय जयकार गुञ्जिन थाल्यो । सम्पूर्ण प्रकृति पूर्ववत देखियो र गुफामा बसेका देवताहरू पनि स्वतन्त्र बन्दै भ्रमण गर्न थाले ।

यस्ता प्रकारले देवता र ब्राह्मणहरूले जय जयकार लगाएको सुनी माता शाकम्भरीले आफ्नै हातले ती सबैलाई सागसब्जी, मिष्ठान्न, स्वादिष्ट फलफूल र पशुहरूलाई समेत रूचि अनुसारको खानेकुरा प्रदान गर्नुभयो । यसरी हरियाली सागसब्जी तथा फलफूल प्रदान गर्नुभएको हुनाले उहाँको नाम शाकम्भरी रहन गयो । शाकम्भरी माताबाट जगतमा कल्याण भएको थाहा पाएर दानव दुर्गमले धेरै दानवीय सेनाका साथ आई देवताहरूलाई घेरा हाल्न थाल्यो । यो देखी सबै देवताहरूले त्राही मां भगवती भनी माताको शरणमा परे ।

त्यसपछि भगवतीले चक्रले घेरी अनेकौं अस्त्र शस्त्र धनुष आदिको प्रयोग गरी राक्षसहरूको विनाश गर्न थाल्नुभयो । तत्काल भगवतीको शरीरबाट (विग्रह) कालिका, तरिणी, वाला, त्रिपुरा, भैरवी, रमा, बगला, मातंगी, त्रिपुरासुन्दरी कामाक्षी, तुलजा, जाम्मेनी, मोहिनी, छिन्नमस्ता, गुह्यकाली आदि शक्तिहरू प्रकट भई दश दिनसम्म दुर्गमका सेनासँग युद्ध भयो । यो युद्धमा दुर्गमका सबै सेना नष्ट भएपछि एघारौं दिनमा दुर्गमको प्राण नष्ट गराएर माता शाकम्भरीले त्यो दानवले लिएको वेद देवताहरूलाई प्रदान गर्नुभयो ।

ब्रह्मादि देवताले माताको स्तुति गर्दै- हे दुर्गे ! हजुरको शाकम्भरी नाम पनि प्रसिद्ध हुने छ जसले हजुरको दर्शन गरी हाम्रो दर्शन गर्ला उसले दुवै लोक र तीनै कालमा

शान्ति प्राप्त गर्ने छ । देवताको बाणी सुन्दै प्रसन्नतापूर्वक देवी अन्तर्ध्यान हुनुभयो । जसले परम्वा भगवतीमा पूर्ण विश्वासपूर्वक भक्ति गर्दछ, उसलाई माताले सदा सर्वदा त्रिताप नाश गरी रक्षा गर्नु हुने छ । जसरी आमाले आफ्ना शिशुहरूको रक्षा गर्न सदावाहर तत्पर रहनुहुन्छ, त्यस्तै भगवती माताप्रति विश्वास गर्ने भक्तप्रति भगवती माताले पनि त्यसै अनुरूप रक्षा गरिबक्सन्छ । (प्रस्तुत कथा देवीभागवत्को सप्तम स्कन्द २८ औं अध्यायमा वर्णित छ ।)

भगवान् सबैबीच व्यापक हुनु भएतापनि प्रारब्ध अनुसार सोच, संगत, विचार व्यवहार बन्दछ । त्यसैको प्रभावमा परेर मानिस कर्म गर्दछ । अतः सहोदर दिदी बहिनी, दाजुभाइ बीच पनि व्यवहार र वाणीमा अन्तर पाइन्छ । त्यो अन्तर उसको सोच-संगत र विचारबाट प्रभावित भएको हुन्छ । यो संसारमा सबैले राम्रो कर्म गर्दछु भने तापनि निष्कामपूर्वक धर्म, संस्कृति संरक्षण परोपकार आदिको सेवाबाट प्राप्त हुने आनन्दको आश्वादन गर्न भने सबैले सक्तैनन् । अभिलाशा भने सबैको आनन्दकै हुन्छ । सो आनन्दको श्रोत नै अध्यात्म हो । संसारमा सनातन दर्शनको सबैभन्दा सुन्दर विशेषता भनेकै अध्यात्म हो । अध्यात्म विना कसैले पनि शान्ति र आनन्द प्राप्त गर्न सक्तैन । अतः आनन्दको मुहान नै अध्यात्म भएको प्रमाण सर्वमान्य शास्त्र प्रस्थानत्रयीमा स्पष्टसँग सम्झाइएको छ ।

असल प्रारब्धका कारण शैशव समयदेखि नै अध्यात्मको अन्वेषण गर्दै धर्म, संस्कृति, सम्पदा, इतिहास, परकोपकार आदिमा काम गर्नुपर्छ भन्ने विचार बोकेर पूर्वोक्त विद्याहरूलाई प्राणभन्दा पनि बढी माया गरी जीवनको उर्वर शक्तिलाई यसै क्षेत्रमा प्रयोग गर्छु भनी २०६२ सालदेखि पाशुपत क्षेत्रमा नै रही गौरी मासिक पत्रिकाको माध्यमबाट धर्म, संस्कृति सम्पदा, समाज तथा प्राणी आदि क्षेत्रमा देखिएका विकृति, विसंगतिलाई खवरदारी एकतिर गर्दै अर्कातिर ऐतिहासिक, पुरातात्त्विक आदि विषयमा अन्वेषण र अध्ययन गर्दै बीसौं वसन्तलाई भेट्न पुग्नु हुने धर्म संस्कृति संरक्षणका अभियन्ता भनी चिनिने नाम हो- अर्जुन लामिछाने । उहाँले भाषा, संस्कृति, साहित्य, सम्पदा आदिमा पुऱ्याउनु भएको योगदान नै पाशुपत क्षेत्रमा वयस्क बन्न पुगेको गौरी मासिक पत्रिका २२१ औं अंक प्रकाशित हुनुबाट सिद्ध हुन्छ । बाँकी वसन्तहरूमा गौरीको भक्ति निष्ठापूर्वकको शक्ति वेथिति र विसङ्गतिलाई सुधार्नको लागि शशक्त शस्त्र बन्ने छ, भगवान् शाम्व सदाशिवबाट त्यो शक्ति प्राप्त हुने छ भनी भगवान्सँग प्रार्थना गर्दछु ।❖

धापासी, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छट पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।



पुष्प महर्जन, कार्यवाहक वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका
वडा नं.- १६ परिवार

बालाजु, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छट पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

व्यक्तिगत घटनाह्य जन्म, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

विमल कुमार होडा वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका
वडा नं.- ७ परिवार

मित्रपार्क, काठमाडौं





फर्कैर हेर्दा

वर्ष १९ मा प्रकाशित लेखरचनाहरू

बर्ष १९ अंक १, २०८० असोज, पूर्णाङ्क २०९

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

शुभ-कामना

१९ औं वर्षको शुभकामना (कविता)- प्रा.डा. ऋषिराम पोखरेल

गौरी उदाए पछि (कविता)- ठाकुर शर्मा

गौरी मासिकलाई शुभकामना पुष्प (कविता)- मुकुन्द शर्मा, चालिसे

गौरीलाई सोलोडोलोमा दृष्टि दिंदा (समीक्षा)- विजयराज न्यौपाने

गौरीलाई शुभकामना (कविता)- मन्दिरा सेढाईं

द्वितीय अध्याय (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

हाजारा महाशय । मुक्ति तथा षडैश्वर्य (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

पितृयज्ञ (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

के हो पितृपक्ष (संस्कार)- पं. बालमुकुन्द देवकोटा

आशौच र आशौचीले पालना गर्नुपर्ने नियम (दस्तावेज)- प्रा.डा. आनन्दप्रसाद घिमिरे

शून्यको आवाज (कविता)- मुना अर्याल, धिताल

वाराणसीमा खातैखात (नियात्रा)- रामप्रसाद पन्त

गौरी वर्ष १९ मा प्रकाशित लेखरचनाहरू (फर्कैर हेर्दा)

गतिविधि

बर्ष १९ अंक २, २०८० कातिक, पूर्णाङ्क २१०

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

शुभकामना छ सबमा (कविता)- धर्मानन्द भारवि

सांख्ययोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

बडादशैंको शुभकामना (कविता)- प्रा. शिवगोपाल रिसाल

निष्काम कर्म । संसारी तथा सोऽहं(आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

सप्तशतीकी माता दुर्गा (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

दशैं कस्को पर्व हो ? (चिन्तन)- हरिप्रसाद सोडारी

यमपञ्चक (पर्वविशेष)- प्रा. नवराज घिमिरे

नेपालको राष्ट्रिय संस्कृति र गाई (समय सन्दर्भ)- सारदारमण नेपाल

महर्षि व्यासको जन्म (व्यक्ति/व्यक्तित्व)- डा. बद्रि पोखेल

शिव-पार्वती नाच 'नागेँचा प्याखँ' (संस्कृति)- श्रीकृष्ण डंगोल

श्रीरामकृष्ण वचनसुधा; टिस्टादेखि सतलजसम्मको कथा (नियात्रा)- विक्रमबीर थापा

गतिविधि

बर्ष १९ अंक ३, २०८० मङ्सिर, पूर्णाङ्क २११

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

कामिनी त्याग (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

जगद्गुरू निम्बार्काचार्यको संक्षिप्त परिचय (समसामयिक)- अनन्तश्रीविभूषित बालसन्त मोहनशरण देवाचार्य महाराज

विवाह पञ्चमी (समयसन्दर्भ)- सहप्रा. डा. विनुबाबा अर्याल

हरिबोधनी एकादशीको महिमा (पर्व विशेष)- पं. बालमुकुन्द देवकोटा

स्वस्तिक चिन्ह (रहस्य)- हरिप्रसाद तिमल्सिना

श्रीपशुपतिनाथ अमालकोट कचहरी कार्यालय (इतिहास)- शङ्करमान भण्डारी

गौ संरक्षण अभियान एवम् महिमा (अभियान)- लिखिराम थारू

सूर्यपूजाको महत्त्व र फल (पुस्तक अंश) पद्मपुराण अनुवादक डा. बद्रि पोखेर

गतिविधि

बर्ष १९ अंक ४, २०८० पुस, पूर्णाङ्क २१२

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

कविभावना (कविता)- ठाकुर शर्मा, भण्डारी

सांख्ययोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

भक्तहरूसँग कीर्तनानन्दमा (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

गीतामा जीवनदर्शन (पर्व विशेष)- आचार्य ढुण्ढिराज न्यौपाने







सूर्य सत्यरूप हो (समसामयिक)- सहप्रा. विनुबाबा अर्याल
गीताको एकादश अध्याय (चिन्तन)- डा. कान्ता भट्टराई
पृथ्वीनारायण शाहको पुनर्जन्म भयो त ?(समयसन्दर्भ)- हरिप्रसाद सोडारी
जयवागेश्वरी भण्डार तहविल कार्यालय (इतिहास)- शङ्करमान भण्डारी
गाईपालक र गाईप्रेमी धन्य हुनेछन् (गौसेवा)- लिखिराम थारू
आठ वर्षपछिको तिहारको उत्साह (संस्मरण)- कमला श्रेष्ठ
गतिविधि

बर्ष १९ अंक ५, २०८० माघ, पूर्णाङ्क २१३

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)
सम्पादकीय
विश्व सिंगै उदाङ्गो छ (कविता)- प्रा.डा. ऋषिराम पोखरेल
सांख्ययोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण
जितेन्द्रिय हुने उपायः प्रकृतिभाव साधना, ईशानलाई अर्ति (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'
श्रीस्वस्थानी व्रत सार (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल
भगवान्‌का विभूतिहरू (चिन्तन)- डा. कान्ता भट्टराई
दवाव र प्रभावमा कुनै निर्णय गर्ने छैन (अन्तरवार्ता)- लक्ष्मी पुन, कार्यकारी निर्देशक, पशुपति क्षेत्र विकास कोष
धार्मिक, ऐतिहासिक तथा पर्यटकीय गन्तव्यः चिम्टेश्वर महादेव (देश दर्शन)- अर्जुन लामिछाने
जन्म शताव्दी विशेषः स्वामी विवेकानन्दको सिंहनाद (व्यक्ति/व्यक्तित्व)- द्वारिकाप्रसाद पौडेल
दत्तात्रय (अवधूत) प्रसङ्ग (पुराण प्रसङ्ग)- मोहनप्रसाद आचार्य
सबै धर्मको मर्मः चेतनाको विकास (संयोग)- आचार्य कमल पौडेल
गतिविधि

बर्ष १९ अंक ६, २०८० फागुन, पूर्णाङ्क २१४

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)
सम्पादकीय
लङ्केश्वर स्तोत्र (कविता)- प्रा.डा. माधव भट्टराई
सांख्ययोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण
साधक र स्त्री (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'
स्वस्थानी कथाको रहस्य (खोज)- सहप्रा. डा. विनुबाबा अर्याल
संविधान र धर्म निरपेक्षता (चिन्तन)- डा. वी.पी. बडाल
शिवरात्रि विशेष

- शिवरात्रिले सबैलाई जगाउँछ- हरिप्रसाद सोडारी
- पशुपति क्षेत्रका एकमुखे शिवलिङ्गहरू- कुमार खतिवडा
- अर्द्धनारीश्वर अवतारको चरित्र वर्णन (पुस्तक अंश)
- लङ्केश्वर महादेव- उद्धवप्रसाद भट्टराई

कविता हरायो (कविता)- अनन्तकुमार बस्नेत
पशुपति क्षेत्रका धार्मिक वन, वनस्पति एवम् जीवजन्तु (वातावरण)- स्रोतः पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरूयोजना २०७८
नेपालमा शैव धर्म र प्रचलित शैव सम्प्रदाय (पुस्तक अंश)- सहप्रा. डा. सन्ध्या खनाल, पराजुली
गतिविधि

बर्ष १९ अंक ७, २०८० चैत, पूर्णाङ्क २१५

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)
सम्पादकीय
भू वराह सुप्रभातम् (कविता)- डा. नारायण निरौला
सांख्ययोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण
पुरूष, प्रकृति, विवेक योग। राधा-कृष्ण को हुनुहुन्छ ? (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'
नेपाल हिन्दुराष्ट्र हुनै पर्ने औचित्य (खोज)- प्रा.डा. ऋषिराम पोखरेल
स्वामी विवेकानन्दका कल्याणकारी उपदेश
भगवान् विष्णुको विनयशीलता (रहस्य)- भागवतश्री न्यौपाने
जगद्गुरू महाराजश्री र कुम्भमेला (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल
भगवान्‌का विभूतिहरूः २ (चिन्तन)- डा. कान्ता भट्टराई
धर्म र अध्यात्मको अन्तरसम्वन्ध (सम्वाद)- डा. निर्मलमणि अधिकारी
श्रीमहाकाल विरचित सुप्रसिद्ध कर्पूरस्तोत्रको नेपाली भावानुवाद (कविता)- मुकुन्द शर्मा, चालिसे
अद्भूत रामायण चर्चा (पुस्तक परिचय)- मोहनप्रसाद आचार्य
मृत्यु के हो (अध्यात्म)- उर्मिला भण्डारी
भगवान् बुद्धका उपदेशहरू (उपदेश)- रामबहादुर तामाङ
सबै दिन एक समान हुँदैन (प्रेरक कथा)- उर्मिला पन्तद्वारा लिखित अनन्त प्रेमार्पणबाट साभार
महाशिवरात्रि २०८० (फर्केर हेर्दा)- अर्जुन लामिछाने
गतिविधि







बर्ष १९ अंक ८, २०८१ बैशाख, पूर्णाङ्क २१६

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

नव वर्ष वि.सं. २०८१ को शुभकामना (कविता) - प्रा. शिवगोपाल रिसाल

सांख्ययोग (गीताज्ञान) -आचार्य खेमराज केशवशरण

नेपाली संस्कृतिको अभिन्नः विक्रम संवत् (समय-सन्दर्भ)- प्रा.डा. माधव भट्टराई

अवतार पनि साधना गर्दछन्: लोक शिक्षार्थ (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

आदर्श स्वरूप रामराज्य (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

वैदिक दृष्टिकोणमा समाज विकासक्रम र ज्ञानसत्ता- १ (खोज)- डा. निर्मलमणि अधिकारी

श्रीराधाको धरावतरण (रहस्य)- भागवतश्री न्यौपाने

चतुर्भुज स्वरूपः भगवान् विष्णु (विचार)- उद्धवप्रसाद भट्टराई 'चैतन्यदीप'

राष्ट्रिय कोटिहोम २०८० (संस्मरण)- डा. कान्ता भट्टराई

डढेलोको असर (कविता)- ऋषिराम लामिछाने

ठूलो कालो सर्पः अहंकार (वेदान्त)- पवन नेपाल

विद्यालय र बालबालिकाको आकर्षणः संस्कार शिक्षा (संस्कार)- पूर्णप्रसाद मिश्र

पीपलको परोपकार (प्रेरक कथा)- कपिल बज्जारा

गतिविधि

बर्ष १९ अंक ९, २०८१ जेठ, पूर्णाङ्क २१७

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

भावानुवादः श्रीशङ्कराचार्य विरचित ललितापञ्चक स्तोत्र (कविता)- मुकुन्द शर्मा चालिसे

सांख्ययोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

आदर्श नारी सीता (समसामयिक)- पं. बालमुकुन्द देवकोटा

भक्तियोग र कर्मयोग । ज्ञानको लक्षण (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

वैदिक दृष्टिकोणमा समाज विकासक्रम र ज्ञानसत्ता- २ (खोज)- डा. निर्मलमणि अधिकारी

श्रीपशुपतिनाथ र बौद्ध धर्म (समयसन्दर्भ)- डा. वी.पी. बडाल

आधुनिक सभ्यता र शाक्यमुनि बुद्ध (विशेष)- कपिल बज्जारा

ने मुनि र नेपाल (विश्लेषण)- सहप्रा. डा. विनुबाबा अर्याल

संक्षिप्त परिचयः दश महाविद्या मन्दिर (संस्मरण)- माया शर्मा

शिव मानसपूजा (भावानुवाद)- प्रा. भवानीप्रसाद खतिवडा

गतिविधि

बर्ष १९ अंक १०, २०८१ असार, पूर्णाङ्क २१८

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

सनातनी संस्कृतिमा एकताको विशेषता (कविता)- डा. बमबहादुर थापा 'जिताली'

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

विश्व योग दिवशको सान्दर्भिकता (समसामयिक)- योगाचार्य श्रीराम पाण्डे 'स्वधर्म'

श्रीरामकृष्णको सर्व-वासना त्याग । केवल भक्ति कामना (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म

दश अवतार भित्रको भूमिकामा भगवान् विष्णु (रहस्य)- सहप्रा. डा. विनुबाबा अर्याल

असुर परिचय (कविता)- प्रा.डा. ऋषिराम पोखरेल

नेपाली को हुन् ? (महिमा)- हरिप्रसाद सोडारी

पालाको पैचाृ (कविता)- सत्यवती मरहट्ठा, अर्याल

वेदकालीन पुर योजना (खोज)- मनोज ढुङ्गाना

ऐतिहासिक श्रीपशुपति कोटिहोम एवम् १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ-२०८१ (जानकारी)- बिदुरप्रसाद अधिकारी

वात्सल्यकी प्रतिमूर्ति आमा (काव्य परिचय)- प्रा. गोपिनाथ शर्मा

गतिविधि

बर्ष १९ अंक ११, २०८१ साउन, पूर्णाङ्क २१९

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

हरहर महादेव (कविता)- विजयराज न्यौपाने

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

दक्षिणेश्वर मन्दिरमा भक्तहरूसँग (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'





स्वप्रकाशस्वरूप शिव (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

कोटिहोम महायज्ञ भनेको के हो ? किन र कसरी गर्ने ? (विशेष)- प्रा. भवानीप्रसाद खतिवडा

पार्थिव शिवलिङ्ग पूजन (रहस्य)- भागवतश्री न्यौपाने

एक महिने महायज्ञः सम्पूर्ण जानकारी (विवरण)- बिदुरप्रसाद अधिकारी

श्रावणको सोमबार आध्यात्मिक तथा वैज्ञानिक महत्त्व (समयसन्दर्भ)- डा. वी.पी. बडाल

बर्ष १९ अंक १२, २०८१ भदौ, पूर्णाङ्क २२०

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

क्यै सार भेट्टाउँछु (कविता)- धर्मानन्द भारवि

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

समाधिमा श्रीरामकृष्ण (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

मोक्ष चिन्तन ! धर्म चिन्तन ! लक्ष्य चिन्तन ! (चिन्तन)- डा. चिन्तामणिनाथ योगी

श्री सुक्त तिमी आऊ (कविता)- मुकुन्द शर्मा चालिसे

पार्वतीकृत हरितालिका (समसामयिक)- पर्व सहप्रा. डा. विनुबाबा अर्याल

म कसलाई पुकारौं (साधना)- भागवतश्री न्यौपाने

हरिशयनी एकादशी (चतुर्मासको महिमा)- पं. बालमुकुन्द देवकोटा

सती अनसूया (पौराणिक पात्र)- मोहनप्रसाद आचार्य

कलियुगमा भगवन् संकीर्तनको महिमा (महिमा)- दामोदर पौडेल

कौशिकी गुरूकुलम्को सहयोग यात्रा (संस्मरण)- मित्र गौतम

स्वामी विवेकानन्दका शाश्वत सार्वभौम शिक्षा (शिक्षा)- द्वारिकाप्रसाद पौडेल

भाषा भगवान् हुन्, भगवान् भाषा हुन्को भ्रमर बन्दा जे भेटियो (पुस्तक समीक्षा)-.भेषराज पोखेल

गतिविधि

हार्दिक समवेदना

यस पत्रिकाकी शुभचिन्तक एवम् सल्लाहकार आत्मीय दिदी कमला बस्नेतका आदरणीय दाजु वरिष्ठ मनोचिकित्सक डा. चुडाबहादुर कार्कीको गत भदौ १३ गते असामयिक निधन भएकोमा स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा भगवान्ले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी प्रार्थना गर्दछौं ।

गौरी मासिक पत्रिका परिवार



स्वर्गीय डा. चुडाबहादुर कार्की
जन्म : २००२/०८/०२
स्वर्गारोहण : २०८१/०५/१३

गतिविधि

भगवान् गणेश तथा स्वराज्य पूजन सम्पन्न

भगवान् गणेश प्राकट्य दिवसका उपलक्ष्यमा ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका, वडा नम्बर ३ बोझेपोखरी (इबिदह) बिष्ट गाउँस्थित गणेश मन्दिरमा गणेश सहस्रनाम, गणेश अथर्वशिर्ष तथा इन्द्रस्तुति सहित स्वराज्य पूजन सम्पन्न भएको छ ।

ललितादेवी स्थान, इबिदहस्थित गणेश तथा अन्य देवीदेवताको पूजन, इन्द्रेश्वर महादेवमा इन्द्रस्तुति सहित स्वराज्य पूजन, पैनाचल हनुलिंगेश्वरस्थित गणेश तथा देवीदेवता पुजन पश्चात् परिक्रमा गर्दै पुनः बोझेपोखरीमा आएर सम्पन्न गरिएको थियो ।

पहिलोपटक आयोजना गरिएको परिक्रमा सहितको स्वराज्य पूजनले स्वराज्य भागवतको महत्त्वलाई विश्वमा स्थापित गराउने छ भन्ने विचार परिकल्पनाकार तथा संकल्पकर्ता केशवप्रसाद चौलागाईंको रहेको छ ।

वेदमा स्वराज्यको मन्त्र रहेको र श्रीमद्भागवतमा कथा रहेको तथ्यलाई समन्वयात्मक रूपमा उजागर गर्दै" स्वराज्य भागवत" लेखिएको तथ्यलाई सो दिनको पूजन र परिक्रमाले सार्थक तुलाएको चौलागाईंको भनाइ छ ।

इन्द्रेश्वर महादेवमा गरिएको इन्द्रसुक्त पारायणले असुरप्रवृत्ति माथि बिजय पाउँदै सुशासन र समृद्धि सम्भव हुनेछ । विघ्नहर्ता तथा प्रथम पूजक भगवान् गणेशको पूजा आराधना सहित सम्पन्न स्वराज्य पूजन स्थानीय बिष्ट परिवार, जनप्रतिनिधि, टोल समिति तथा भक्त समूहको सकृयतामा सम्पन्न भएको छ ।❖



२०८१ सालको विजया दशमी, शुभ दिपावली, छठपर्व तथा नेपाल सम्वत ११४५ को सुखद् अवसरमा समस्त ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम परिवार

नेपाल टेलिकम

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं !

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरूपमा सवारीसाधन सञ्चालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

बडा दशैं २०८१ को हार्दिक शुभकामना!





१८ औं वर्षमा प्रवेश

Ever Permeating and Pervading to New Scale of Height of Prosperity

यस बैंकले बैकिङ्ग सेवा सुरु गरी १७ वर्ष सफलतापूर्वक पुरा गरेको विशेष अवसरमा हामीलाई प्रेरणा र प्रोत्साहन प्रदान गर्दै निरन्तर प्रगतिका पथमा बढ्न हौसला दिनुहुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारकर्मी, कर्मचारी लगायत शुभेच्छुकहरुमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछौं ।

यस अवसरमा बैंक परिवार भविष्यमा अझ नवीनतम् तथा गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np